**श्री**

**उच्च अदालत जनकपुर**

**<u>संयुक्त इजलास</u>**

**इजलास नं. १**

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल

**<u>फैसला</u>**

निर्णयनं.-४४५

मुद्दा.नं.-०८१-CS-०००४

रजिष्ट्रेशन नः-३६-०७७-०४०२७

**मुद्दा : कर्तव्य ज्यान।**

जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६ बस्ने बद्री मण्डलको छोरा सुनिल कुमार मण्डल,........................................................................१ — <u>पुनरावेदक</u> प्रतिवादी

**विरुद्ध**

जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६टिलहीमा बस्ने मखन मण्डलको छोरा बद्री मण्डलको जाहेरीले नेपाल सरकार......................................................१ — <u>प्रत्यर्थी</u> वादी

निर्णय नं.-४४६

मुद्दा नं.-०८०-CS-०७१७

रजिष्ट्रेशन नः-३६-०७७-०४०२७

जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६ टिलहीमा बस्ने मखन मण्डलको छोरा बद्री मण्डलको जाहेरीले नेपाल सरकार......................................................१ — <u>पुनरावेदक</u> वादी

**विरुद्ध**

जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६ टिलहीमा बस्ने बद्री मण्डलको छोरा सुनिल कुमार मण्डल.........................................................................१

ऐ बस्ने मृतक शम्भु कुमार मण्डलको श्रीमती सुशिला कुमारी मण्डल ............१

जिल्ला सिरहा, अर्नामा गाउँपालिका वडा नं.३ मा बस्ने रामलखन महतोको छोरा विनोद कुमार महतो.........................................................................१

ऐ बस्ने रामनाथ चमारको छोरा तेजनारायण महरा ........... ......................१

जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं.७ वेलापट्टी बस्ने गंगा प्रसाद मण्डलको छोरा श्रीचन मण्डल........................................................................१

— <u>प्रत्यर्थी</u> प्रतिवादी

निर्णय नं.-४४७

मुद्दा नं.-०८१-CS-००६८

रजिष्ट्रेशन नः-३६-०७७-०४०२७

| | |
|---|---|
| जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६ मा घर भई हाल कारागार कार्यालय सर्लाहीमा थुनामा बस्ने शम्भु कुमार मण्डलको श्रीमती सुशिला कुमारी मण्डल.....१ | पुनरावेदक<br>प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं.६ टिलहीमा बस्ने मखन मण्डलको छोरो बद्री मण्डलको जाहेरीले नेपाल सरकार....................................................१ | प्रत्यर्थी<br>वादी |

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री चित्रवहादुर गुरुङ्ग |
| शुरु फैसला मिति | २०८०।०५।१३ |
| शुरू मुद्दा नम्बर | ०७७-C१-०४३० |
| पुनरावेदन दर्ता मिति | २०८१।४।३/२०८१।४।१८ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-

**तथ्य खण्ड**

१. **मिति २०७८।१।१८ को घटनास्थल तथा लाशजाँच प्रकृति मुचुल्का;-** मिति २०७८।१।१८ गते बिहान राति अ.२.३० बजेको समयमा धनुषा जिल्ला, हंसपुर नगरपालिका, वडा नं. ६ टिल्ही स्थित बद्री मण्डलको ५ वटा कोठाहरु रहेको घर रहेको, सो घरको दक्षिणबाट दोस्रो पूर्व कोठामा शम्भु कुमार मण्डलको लाश उतानो अवस्थामा रहेको, लाशको घाँटी काटी आलो रगतले ३ फिट गोलाई भागमा रहेको, लाशको शरीरको भागमा रक्तामय रहेको, खाट माथि तन्ना तथा तकिया सिरकको खोलमा रगत लागेको, खाट मुनि रगत लागेको २ थान चक्कु रहेको देखिन्छ। सो कोठादेखि दक्षिण साईडको कोठामा संजय भन्ने जयकुमार मण्डल सुत्ने गरेको कोठा रहेको र उक्त कोठाको भुई जमिनमा ठाउँ ठाउँमा रगत लागेको, कोठाभित्र खाटमाथि चक्कुको २ थान खोल रहेको, सो घरको प्यासेज लगायतको बिभिन्न स्थानमा रगत लागेको फेला परेकोले दशीहरु बरामद गरी बिभिन्न स्थानबाट रगत जस्तो पदार्थ लिफ्टिङ्ग गरी लगेको घटनास्थलको घरको स्केचसहितको विवरण।

२. **मिति -२०७८।१।१८ को बरामदी मुचुल्का;-** जिल्ला धनुषा, हंशपुर नगरपालिका, वडा नं. ६ टिल्ही गाउँको मुल बाटोबाट मुसहरी टोल जाने सार्वजनिक ग्रेभल सडकको उत्तर साईडमा ज-५-प-५०३६ नं.को मोटरसाईकलको एक्सलेटर, अगाडिको ब्रेक लिभर, ट्याङकी फुड रेस्ट, पछाडिको भाईजर लगायतको बिभिन्न भागमा रगत लागेको अवस्थामा फेला परेकोले बरामद गरी लगेको।

३. **मिति -२०७८।१।१८ को पबित्री देवीको घटना विवरण कागज**;-मेरो जेठा छोरा शम्भु मंडल र निजको पत्नी शुसिला मंडल हो। माहिला छोरा संजय भन्ने जय कुमार मण्डल र निजको पत्नी संजु देवी मण्डल हो। कान्छा छोरा सुनिल मंडल हो। मिति २०७८।१।१८ गते राति म र नातिनी सिर्जना मंडल कोठामा सुतेका थियौ। बिहानको अन्दाजी २:३० बजेको समयमा जेठा छोरा शम्भु मंडल, बुहारी शुसिला मंडल र नाती इसान मंडल सुतेको कोठाबाट घ्यार घ्यार आवाज आई निद्राबाट बिउझेर उक्त कोठामा जाँदा ढोका भित्रबाट बन्द रहेको थियो। ढोकामा ढ्याक ड्याक गर्दा कोठाभित्र जेठी बुहारी शुसिला मंडल, माहिला छोरा संजय भन्ने जयकुमार मण्डल, कान्छा छोरा सुनिल मंडल बोलिरहेको आवाज सुनी म डराई कराउदै घरको मुल ढोका गएकोमा बुहारी शुसिला मंडलले कोठाको ढोका खोलि बाहिर आई मेरो हात समाती मुल ढोका खोल्न दिइनन्। बुहारी शुसिला मंडलको जिउमा रगत लागेको देखी तत्काल शम्भु मंडलको कोठामा जाँदा भुईमा लडेका शम्भु मंडलको जिउमा चढी संजय भन्ने जय कुमार मण्डलले हातखुट्टा समाती बसेको, सुनिल मंडलले घाँटीमा छुराले रेटी काटी रहेको र शम्भु मंडल छटपटाई रहेको देखेको हुँ। मैले जोरजोरले छोरालाई मारी दियो भनि हल्ला गर्दा जेठी बुहारी शुसिला मंडल, माहिला छोरा संजय भन्ने जय कुमार मण्डल, कान्छा छोरा सुनिल मंडल भागिगएको र स्थानीय मानिसहरु आएका हुन्।

४. **वर्ष ५ को ईशान मण्डलको मिति -२०७८।१।१८ को घटना बिबरण कागज;**- मेरो बुबा शम्भु मंडल र आमा शुसिला मंडल हो। मिति २०७८।१।१८ गते राति म बुबा आमासँग कोठमा सुतेको थिएँ। राति सुतेको समयमा इटा झरेको जस्तो आवाज आई निन्द्रबाट ब्युझिँदा कोठाभित्र बुबालाई आमा सुशिला मण्डल र काकाहरु जय कुमार मण्डल, सुनिल मण्डलले समाती भुईमा लडाई काका जयकुमार मण्डलले बुवाको जिउमा बसी हात समातेको तथा आमा सुशिला मण्डलले बुवाको खुट्टा समातेको र काका सुनिल मण्डलले बुवाको घाँटीमा छुराले काटी रगत बगेको देखेको हो। सो देखी मलाई डर लागी बेडमा नै बसिरहेकोमा बुवा घ्यार घ्यार गरिरहनु भएको थियो। सोको केही बेरमा नै हजुरआमाले कोठाको ढोकामा हानी बोल्नु भएकोमा मेरो आमाले एकछिनपछि कोठाको ढोका खोली बाहिर निस्की हजुरआमाको हात समाती कोठामा आउनु भएकोमा काकाहरु छुरा खाट मुनि राखी भाग्नु भएको तथा हजुरआमा हल्ला गर्दै बाहिरतर्फ जानु भएकोले आमा पनि काकाहरुको पछिपछि भाग्नु भएको हो। मेरो बुवालाई काकाहरु संजय भन्ने जय कुमार मण्डल, सुनिल मण्डल र आमा सुशिला मण्डल भई हत्या गरेको मैले देखेको हो। निजहरुलाई कानून बमोजिम सजाय गरी पाउँ।

५. **बद्री मण्डलको मिति -२०७८।१।२० को जाहेरी दरखास्त**;- मेरो ३ छोराहरुमा जेठा शम्भु कुमार मंडल, माहिला संजय भन्ने जयकुमार मण्डल र कान्छा सुनिल कुमार मंडल हुन्। जेठा छोरा शम्भु कुमार मंडल बैदेशिक रोजगारमा गई कमाएको पैसा निजको पत्नी शुसिला कुमारी मंडलको नाममा पठाउने गरेको थियो। जेठा छोरा शम्भु कुमार मंडल बैदेशिक रोजगारमा बिदेश जाँदा जेठी बुहारी शुसिला कुमारी मंडल र कान्छा छोरा सुनिल

कुमार मंडल बिच अवैध सम्बन्ध रहेको ठम्याउन सकिन। जेठा छोरा शम्भु कुमार मंडल बैदेशिक रोजगारबाट नेपाल आएपछि पत्नीको चालचलनको बारेमा भन्दा परिवारको इज्जत बचाउन सम्झाउँदा बुझाउँदा कान्छा छोरा सुनिल कुमार मंडलले अटेर गरी ज्यानै मारी फालि दिन्छु भनि हिडेको थियो। जेठी बुहारी शुसिला कुमारी मंडल धरैजसो माईततिरै बस्ने गरेकोमा मिति २०७८।१।१६ गते निज माईतबाट घरमा आएको र १७ गते राति घटना घटेको हो। माहिला छोरा संजय भन्ने जय कुमार मण्डल, कान्छा छोरा सुनिल कुमार मंडल र जेठा छोरा शम्भु कुमार मंडलको साला श्रीचन मंडल समेत मिली पहिलादेखि नै योजना बनाई शम्भु कुमार मंडललाई काटी मारी भागेको हो। ज-५-प-५०३६ नं. को मोटरसाईकलमा चढी भाग्न खोज्दा स्टार्ट नभएकोले सडकमा नै छाडेको हो। घटना घटाउने योजनामा श्रीचन मंडल र माहिला छोरा संजय भन्ने जय कुमार मण्डलको पत्नी सन्जु कुमारी मंडलको समेत संलग्नता हुनुपर्छ।

६. बिपक्षीहरुको बैकखाताको चेकबुकहरु यसैसाथ पेश गरेको छु, खाता रोक्का समेत गरी कारवाही गरी पाउँ भन्ने निवेदन।

७. **मिति -२०७८।१।२१ को प्रहरी प्रतिवेदन**;-मिति २०७८।१।२१ गते बिहान अं.५ बजेको समयमा जिल्ला उदयपुर, बेलटार नगरपालिका, वडा नं. १ अमासे भगवन्ती टोलमा प्रतिवादीहरु सुनिल कुमार मण्डल, सुशिला कुमारी मण्डललाई फेला पारेको र घटनाको सम्बन्धमा सोधपुछ गर्दा वारदात भएपछि सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डल राति घरबाट भागी कजरा रमौल चौरीमा बसी सिराहाका तेजनारायण महरालाई बोलाई निजले मोटरसाईकल लिई आई रमौलबाट धारापानी हाईवेसम्म पुऱ्याई दिएको, त्यहाँबाट बस चढी उदयपुर गई सिराहाका बिनोद कुमार महतोको कोठामा लुकिछिपी बसेको भनि बताएकोले सुनिल कुमार मण्डल, सुशिला कुमारी मण्डललाई पक्राउ गरी दाखिला गरेका छौ, कारवाही गरी पाउँ भन्ने प्रनानि रामरेख यादवको प्रतिवेदन।

८. **मिति -२०७८।१।२१ को प्रहरी प्रतिवेदन;-**तेज नारायण महरा र बिनोद कुमार महतोलाई पक्राउ गरी दाखिला गरेका छौ, कारवाही गरी पाउँ भन्ने प्रनानि रामरेख यादवको प्रतिवेदन।

९. **मिति -२०७८।१।२१को प्रहरी प्रतिवेदन;-** घटनास्थलमा लिएको ३५ थान फोटोहरु सफा गराई दाखिला गरेको छु भन्ने प्रहरी हवल्दार विनेककुमार झाको प्रतिवेदन।

१०. **मिति -२०७८।१।२१ को बरामदी मुचुल्का;-** जिल्ला धनुषा, मिथिलाबिहारी नगरपालिका, वडा नं. ४ रमौली स्थित मोहनी शरण यादवको खाली खेतको आली छेउ भुई जमिनमा फालिएको अवस्थामा हरियो रंगको भिजेको, उल्टो अवस्थामा सुल्टो पटी केही भागहरुमा रगत जस्तो पदार्थ लागेको देखिने हुकवाला फुल बाउला भएको भेष्ट थान १ फेला परेकोले बरामद गरेको।

११. **मिति -२०७८।१।२१को बरामदी मुचुल्का;-** जिल्ला धनुषा, मिथिलाबिहारी नगरपालिका, वडा नं.४ रमौली स्थित घुस्का यादवको आँप बगैचाको दक्षिण साईडको भुई जमिनमा फालिएको हरियो रंगको भिजेको उल्टो अवस्थामा रही केही भागहरुमा सुल्टो पटी रगत जस्तो पदार्थ लागेको जस्तो देखिने बक्स पाईन्ट थान १ फेला परेकोले बरामद गरेको हो।

१२. **मिति -२०७८।१।२२ को बरामदी मुचुल्का;-**जिल्ला धनुषा, मिथिलाबिहारी नगरपालिका, वडा नं. ५ स्थित जयनारायण मण्डलको खाली खेतको पुर्व साईडको आली छेउबाट १० फिट पश्चिम खेतमा प्रतिवादी सुशिला कुमारी मण्डलले वारदात हुँदाको बखत लगाएको साडी, पेटीकोट खोली निज सुशिला कुमारी मण्डल समेत भई सो साडी पेटिकोटमा आगो लगाई जलाएको भनि प्रतिवादी सुशिला कुमारी मण्डलले देखाएको स्थानबाट माटो तथा खरानी जस्तो देखिने पदार्थ संकलन गरेको।

१३. **प्रतिवादी सुनिल कुमार मण्डलले मिति -२०७८।१।२३ मा अनुसन्धान अधिकारी समक्ष गरेको वयान;-** मेरो जेठो दाई शम्भु कुमार मण्डल र माइली भाउजु सन्जु कुमारी मंडल बीच अवैध सम्बन्ध रहेको थाहा पाई दुवैलाई सम्झाइ बुझाई गरेका थियौं। मेरो र ठूली भाउजु सुशिला कुमारी मण्डल बीच डेढ वर्ष पहिलादेखि शारीरिक सम्पर्क हुँदै आएको थियो। दाजु शम्भु कुमार मण्डल विदेशबाट २०७७।८।१८ गते आएको र एक महिनापछि भाउजुसँग सम्बन्ध राखेको भनि मलाई कोठाबाट निकाली दिएको र भाउजु सुशिलालाई कुट्ने गरेको थियो। जेठो दाई शम्भु कुमार मण्डलले माइली भाउजु सन्जुसँगै पुनः सम्बन्ध स्थापित गर्न खोजेपछि माइला दाइ संजय भन्ने जय कुमार मण्डलले निजलाई मार्ने भनेपछि मिति २०७८।१।१० गते भाउजु सुशिला कुमारी मण्डलको कोठामा आई म, संजय भन्ने जय कुमार मण्डल र सुशिला कुमारी मण्डल बिच एकापसमा सल्लाह गरेको थियो। सोही योजना बमोजिम मैले जनकपुरको शिवचोक नजिकबाट दुईवटा चक्कु किनी लगी संजय भन्ने जयकुमार मंडल र भाउजु सुशिला कुमारी मण्डलले शम्भु कुमार मण्डललाई समातेको र मैले चक्कुले घाटिमा रेटी शम्भुकुमार मण्डललाई मारेको हो। शम्भु कुमार मण्डललाई मारेपछि जय कुमार र म ज५प २०३७ नम्बरको मोटरसाइकल चढी भाग्न खोज्दा स्टार्ट नभएपछि म, जय कुमार र सुशिला भागी वेल्ही गाउँ हुँदै रमौल चौरतर्फ भाग्यौ। बाटोमा भाउजुले लगाएको साडी र पेटीकोट जलाई अर्को लगाएको हो। मैले र दाई जयकुमारले पनि कपडा फेरी सँगै भाग्दा पक्राउ पर्ने सम्भावना हुन्छ भनेपछि निज दाई जनकपुरतर्फ गए। मैले घरमा लफडा भएको छ, म र भाउजु सुशिला कुमारी मण्डल भागी रमौल चौरमा बसेको छु भनि साथी तेजनारायण महरालाई बोलाई निजले मोटरसाईकलमा राखी सिराहाको गोलबजारसम्म म र सुशिला कुमारी मण्डललाई पुर्याई दिएको हो। त्यसपछि मिति २०७८।१।२० गते बेलुका म र सुशिला कुमारी मण्डल उदयपुर वेल्टार गई विनोदकुमार महतोलाई भेटी राति निजकै कोठामा बसी भोलिपल्ट बिहान ५ बजे बाटोमा हिंड्दै गर्दा प्रहरीले पक्राउ गरेको हो।

१४. **प्रतिवादी सुशिला कुमारी मण्डलको मिति -२०७८।१।२३ को अनुसन्धान अधिकारी समक्षको वयान कागज;-**१२ वर्ष पहिला शम्भु कुमार मण्डलसँग मेरो विवाह भई वर्ष १० की छोरी र वर्ष ६ को छोरा ईशान मण्डलको जायजन्म भएको छ।६ वर्ष पहिला देखि नै श्रीमान् बैदेशिक रोजगार गएको वेला मेरो माईलो देवर संजय भन्ने जय कुमार मण्डलको सन्जु देवीसँग विवाह भई देवरानी सन्जु देवी मेरो घरमा आएकीमा जनकपुरमा रहेको मेरो श्रीमानको दिदिको घर कोठामा लिई बच्चाहरु तथा दिदिको बच्चाहरु समेत पढाउन भनि जनकपुरमा देवर सुनिल कुमार मण्डल सहित बस्न थालेकी थिएँ। मेरो श्रीमान शम्भु कुमार मण्डल बैदेशिक रोजगारबाट आई जनकपुरमा २ दिन बसी गाँउको घर जानु भएकोले म घर गएकोमा मेरो श्रीमान शम्भु कुमार मण्डल र देवरानी सन्जु कुमारी मण्डल

बिच अनैतिक सम्बन्ध रहेको कुरा थाहा पाई यसरी नगर्नु भनि दुवै जनालाई सम्झाई बुझाई गरी सो कुरा देवर संजय भन्ने जय कुमार मण्डलले थाहा पाई बिदेशबाट घर आई दुवै जनालाई सम्झाई बुझाई गरेका थिए। जनकपुरमा बस्ने क्रममा देवर सुनिल कुमार मण्डल र म बीच प्रेम सम्बन्ध भई शारिरीक सम्पर्क भएकोमा सो कुरा श्रीमान समेतले थाहा पाई २०७७ सालको माघ महिना १८ गते श्रीमान् बिदेशबाट घर आएपछि मलाई सुनिल मण्डलसँग किन सम्बन्ध राखेको भनि पटक-पटक कुटपिट गर्ने गरेको र देवर सुनिल मण्डललाई हामीसँग नबस, छुट्टै बस भनेपछि देवर सुनिल कुमार मण्डलले जनकपुरमा छुट्टै बसेका थिए। मिति २०७८।१।१० गते शुक्रबारका दिन दिउसो करिव १४ बजेको समयमा देवर संजय भन्ने जयकुमार मण्डल र सुनिल कुमार मण्डल मेरो डेरामा आई श्रीमान शम्भु कुमार मण्डल घरमा गई बुहारीसँग सम्बन्ध राख्न खोजेको, घरमा सबैलाई गाली गर्ने गरेको, मलाई कुटपिट गर्ने गरेको तथा म र देवर सुनिल कुमार मण्डललाई छुटाई दिएकोले श्रीमान शम्भु कुमार मण्डललाई मारी दिएमा घरमा देवर संजय भन्ने जय कुमार मण्डल र देवरानी सन्जु देवी मण्डल राम्रोसँग बस्ने, गाँउको घर तथा धेरै जग्गा देवर संजय भन्ने जय कुमार मण्डलले लिने, म र सुनिल कुमार मण्डल विवाह गरी जनकपुरको जग्गामा घर बनाई संगै बस्ने तथा गाँउको थोरै जग्गा हामीले पनि लिने र घरको कलह सधैभरिको लागि समाप्त हुने भनी श्रीमान शम्भु कुमार मण्डललाई मिति २०७८।१।१७ गते शुक्रबारकै दिन रातीको समयमा घाटी काटी हत्या गर्ने, हत्या गर्न प्रयोग गर्ने औजार देवर सुनिल मण्डलले खरिद गरी राख्ने, केही वर्ष घरबाट हामी भागेर बस्ने र कुरा पुरानो भए पश्चात गाँउ घरमा आई बस्ने भनी योजना बनाई म माइती गएको वेला देवर संजय भन्ने जय कुमार मण्डलसँग कुराकानी हुँदा शुक्रबार बेलुका तपाई घर आउनु म आफ्नो श्रीमती छोरा छोरीलाई जनकपुर पठाई दिन्छु, सुनिललाई पनि सोही बेलुका बोलाउछु र योजना बमोजिम दाई शम्भु कुमार मण्डलको हत्या गरौंला भनि बताएकोमा मिति २०७८।१।१७ गते आफ्नो भाउजुको फोनबाट देवर संजय भन्ने जयकुमार मण्डललाई फोन गरी म आज आउँछु, सबै कुरा मिल्यो त भनेर सोध्दा सबै मिली सक्यो, दिउसो सुनिल कुमार मण्डलले चक्कु खरिद गरेर ल्याई सक्यो, सुनिलसँगै सन्जु र छोरा छोरीलाई जनकपुर पठाई दिन लागेको छु, दाई पनि तपाईलाई लिन जानु भएको छ, आउनु भनेकोमा घर आई राती सबै जना सुतिसकेपछि मिति २०७८।१।१८ गते रातीको बिहान अं.२:०० बजेको देवरहरु संजय भन्ने जयकुमार मण्डल र सुनिल कुमार मण्डलले आ-आफ्नो हातमा चक्कु बोकी कोठाभित्र आई मैले ढोकाको चुकुल भित्रबाट खोलेपछि संजय भन्ने जयकुमार मण्डलले श्रीमानको ज्यान माथि चढी समाती बसेको तथा देवर सुनिल कुमार मण्डलले वायाँ हातले श्रीमान् शम्भु कुमार मण्डलको मुख थुनी दाहिने हातमा बोकेको चक्कुले शम्भु कुमार मण्डलको घाँटीमा रेट्न थालेकोमा श्रीमान जोडले छटपटिनु भएकोमा घाँटीको केही भाग काटिएकै अवस्थामा खाटबाट भुईमा खस्नु भएको तथा भुईमा छटपटाई रहेकोमा मैले श्रीमानको दुवै खुट्टा समाती बसेको तथा देवर संजय भन्ने जयकुमार मण्डलले श्रीमानको ज्यानमा चढी छातीमा बसी छटपटाउन नदिई समाती बसेकोमा देवर सुनिल कुमार मण्डलको हातमा रहेको चक्कु मृतकको घाँटी रेट्दा बिँड भागबाट भाँचिएकोले देवर संजय भन्ने जयकुमार मण्डलले राखेको चक्कु देवर सुनिल कुमार मण्डलले लिई जोड जोडले घाँटीमा रेटी रहेकोमा मेरो छोरा ईशान मण्डल पनि निन्द्राबाट

व्यूझिई बेडमा नै डराई बसी हेरिरहेको थियो। म र देवर जयकुमार मण्डलले श्रीमानलाई समाती बसेकोमा घाँटी रेटने क्रममा श्रीमान शम्भु कुमार मण्डलले घ्यार घ्यार गरिरहेको आवाज सुनी सासु पवित्री देवी उठी ढोका खोल्न भन्दा मैले छिटो छिटो काट्नु भनेपछि देवर सुनिल कुमार मण्डलले झन जोड जोडले श्रीमानको घाँटी रेट्दा श्रीमानको शरीर शिथिल भएकोमा अव मरिसक्यो तथा कोठा भरी रगत समेत बगेकोले मैले कोठाको ढोका खोल्दा सासु पबित्री देवी घरको मुल ढोका खोल्न गईरहेकीमा म सासुलाई पछाडिबाट समाती ढोका नखोल्नु भनि तान्दै आफ्नो कोठातर्फ ल्याएकोमा मेरो देवर संजय भन्ने जयकुमार मण्डल आफ्नो कोठामा छिरी कपडा लिई देवर सुनिल मण्डल र संजय भन्ने जयकुमार मण्डल शौचालयतर्फ रहेको पछाडिको ढोकातर्फ भागेपछि म पनि देवरहरुसँगै भागे। छेउमा रहेको पोखरी डिलमा रहेको टाटी माथि सुकिरहेको साडी र पेटिकोट मैले लिई हामी तीनै जना रमौल गाँउको चौरमा गई बसेको स्थान भन्दा केही वर नै मेरो रगत लागेको साडी र पेटिकोट खोली बाटोबाट लगेको साडी, पेटीकोट लगाई आफ्नो साडी र पेटीकोट सोही स्थानमा रहेको खेतमा जलाई दिएको थियौं। जयकुमारले पनि कपडा फेरी सँगै भाग्दा पक्राउ पर्ने सम्भावना हुन्छ भनेपछि जयकुमार मण्डल जनकपुरतर्फ गए। सुनिल कुमार मण्डलले तेजनारायण महरालाई बोलाई निजले सिराहाको गोलबजारसम्म हामी दुईलाई पुर्याई दिएपछि निजले बताए अनुसार मिति २०७८।१।२० गते बेलुका म र सुनिल कुमार मण्डललाई उदयपुर वेल्टार गई विनोदकुमार महतोलाई भेटी राति निजकै कोठामा बसी भोलिपल्ट बिहान ५ बजे बाटोमा हिंड्दै गर्दा प्रहरीले पक्राउ गरी ल्याएको हो।

१५. **प्रतिवादी विनोद कुमार महतोले मिति -२०७८।१।२३ मा अनुसन्धान अधिकारीसमक्ष गरेको वयान;-** प्रतिवादी सुनिल कुमार मण्डल मसंगै जनकपुरमा पढ्ने गरे साथी हो। मिति २०७८।१।२० गते दिनको करिव १० बजेको समयमा प्रतिवादी सुनिल कुमार मण्डलले मलाई फोन गरी म गाईघाट घुम्न आउदै छु भनि बताएकोमा आउनु भनि बताए। सो पश्चात् करिव १६ बजेको समयमा म आफ्नो कार्यालयमा बसी काम गरिरहेकोमा प्रतिवादी सुनिल कुमार मण्डल र प्रतिवादी सुशिला कुमारी मण्डल सो स्थानमा आई पुगेकाले निजहरु दुवै जनालाई लिई आफ्नो कोठामा गई खाना पकाई खानपिन गरी राती कोठामा नै बसेको अवस्थामा प्रतिवादीहरु मिति २०७८।१।२१ गते बिहान करिव ४ बजेको समयमा हामी घुम्न जान्छौ भनि कोठाबाट निस्की गएका थिए। म आफ्नो कोठामा नै बसिरहेको थिएँ। सोही क्रममा सोही विहान करिव ५:१५ बजेको समयमा प्रहरीले मलाई पक्राउ गरी ल्याएको हो।

१६. **प्रतिवादी तेजनारायण महराको मिति २०७८।१।२३ अनुसन्धानको वयान;-**प्रतिवादी सुनिल कुमार मण्डल मसँगै जनकपुरमा पढ्ने गरेको हो। म प्रतिवादी सुनिल कुमार मण्डलको जनकपुरमा रहेको कोठामा आवत जावत गर्ने गरेकोले प्रतिवादीको भाउजु सुशिला कुमारी मण्डललाई पनि राम्ररी चिनेको थिएँ। मिति २०७८।१।१८ गते बिहान करिव ५ बजेको समयमा प्रतिवादी सुनिल मण्डलले मलाई फोन गरी राती घरमा झगडा भएकोले म तथा भाउजु घरबाट भागी धनुषाको रमौल चौरीमा बसेका छौं, मोटरसाईकल लिई आउ भन्दा मैले आफ्नो गाँउको साथी उमेश महरासँग मोटरसाईकल मागी सो मोटरसाईकल लिई धनुषा जिल्लाको रमौल चौरीमा आएकोमा सो स्थानमा प्रतिवादी सुनिल कुमार मण्डल र

प्रतिवादी सुशिला कुमारी मण्डललाई मोटरसाईकलमा चढाई सिरहाको गोलबजार लगी दिएँ। सो स्थानमा सुनिल कुमार मण्डलसँग दिनको करिव १२ बजेको समयतिर घरबाट किन भागेको भनि सोध्दा निजले आफु तथा भाउजु समेत भई दाजु शम्भु कुमार मण्डलको हत्या गरेको भनि बताएकोमा मलाई डर लागी म सो स्थानबाट आफ्नो घर आएँ। प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला मण्डल उदयपुर गएका थिए। सोही क्रममा प्रहरीले मलाई मिति २०७८।१।२१ गते मेरो गाँउबाट पक्राउ गरी ल्याएको हो।

१७. **मिति -२०७८।१।१९ को शव परीक्षण प्रतिवेदन;-** शम्भु कुमार मण्डलको मृत्युको कारण SHARP FORCE INJURIES TO NECK AND FACE बाट भएको हो।

१८. **हितलाल मण्डलले मिति २०७८।२।९ मा गरेको घटना विवरण कागज-** प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनी थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

१९. **राजकिशोर मण्डलले मिति -२०७८।२।९मा गरेको घटना विवरण कागज;-**प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनि थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

२०. **सृजना मण्डलले मिति २०७८।२।९मा गरेको घटना विवरण कागज;-.** मिति २०७८।१।१८ गते बिहानको राती अं.२:३० बजेको समयमा मेरो हजुरआमा उठी आमा बुवा सुतेको कोठाको ढोकामा कराई रहनु भएको आवाज सुनी म निन्द्राबाट व्युझिई वाहिर निस्किदा मेरो आमाले कोठाको ढोका खोल्नु भएकोमा सो कोठाबाट ज्यानमा रगत लागी मेरो काकाहरु संजय भन्ने जय कुमार मण्डल र सुनिल कुमार मण्डल निस्की पछाडि ट्वाईलेटतर्फ भाग्नु भएको तथा हजुरआमाले बुवाको कोठाभित्र छिर्दा बुवाको घाँटी काटेको लाश देखी रुदै घरको मेनगेट खोल्न जाँदै गरेको अवस्थामा मेरो आमाले हजुरआमालाई समाती ढोका खोल्न दिनु भएको थिएन। म पनि बुवा सुतेको कोठामा जाँदा बुवाको घाटी काटी भुईमा लाश रहेको तथा कोठाभरि रगत थियो। सोको केही बेर हजुरआमा रुदै त्यही बसी कराई रहनु भएको थियो। म पनि रुदै भाई ईशान मण्डललाई समाती बसेको थिएँ। सोको केही बेरमा एक छिनपछि म ट्वाईलेटतर्फ जाँदा काका सुनिल कुमार मण्डल वाहिर ढोकाबाट ईशारा गरी मेरो आमालाई बोलाउनु भएकोमा आमा पनि काका नजिक गई निजहरु तीनै जना पछाडिबाट गल्लीको बाटो हुँदै भागेका थिए। हामी कराई रहेकोमा एक छिनपछि हजुरआमाले मेनगेट खोल्नु भई जोर जोरले हल्ला गर्दा स्थानीय मानिसहरु सो स्थानमा आई बुवाको लाश समेत हेरी भाई तथा हजुरआमालाई घटनाको बारेमा सोधेको थिए। भाई र हजुर आमाले घटनाको बारेमा सबै जनालाई भनेका

थिए। मैले भाईले बुवालाई कसले कसरी मार्यो भनी सोध्दा आमा सुशिला मण्डलले बुवाको खुट्टा समाती बसेको, काका संजय भन्ने जयकुमार मण्डलले बुवाको ज्यान माथि चढी जोडले थिची समाती बसेको तथा काका सुनिल कुमार मण्डलले वायाँ हातले बुवाको मुख थिची दाहिने हातले घाँटी रेटी मारेको भनि भाई ईशान मण्डलले तत्कालै मलाई बताएका थिए। बुवालाई हत्या गरेको कोठाबाट आमा र काकाहरुको ज्यानमा रगत लागी निस्की काका संजय भन्ने जय कुमार मण्डल आफ्नो कोठामा गई अर्को कपडा बोकी भागेको मैले देखेको हुँ। सो भन्दा करिव एक हप्ता अगाडि मेरो जनकपुरको कोठामा काका संजय भन्ने जय कुमार मण्डल र सुनिल मण्डलआई आमासँग कोठामा बसी बिस्तारै बिस्तारै कुराकानी गरेका थिए। सो पश्चात काकाहरु गएका थिए। मेरो बुवालाई मेरो काकाहरु र आमाले हत्या गरेको हो। मेरो काका सुनिल कुमार मण्डलको साथी प्रतिवादी तेजनारायण महराले मेरो आमा र काका सुनिल मण्डललाई मोटरसाईकलमा चढाई भगाएको तथा निजले नै लुकीछिपी बस्ने स्थान खोजी गरिदिएको र प्रतिवादी बिनोद कुमार महतोले आमा र काकालाई आफ्नो कोठामा लुकाई छिपाई राखेको कुरा थाहा पाएको हुँ,। निजहरु सबै जनालाई कानूनबमोजिम हदैसम्मको सजाय गरी पाँउ।

२१. **रामसोगारथ यादवको मिति २०७८।२।१० को घटना विवरण कागज;-** प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जय कुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनी थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

२२. **रामबरण पंडितको मिति २०७८।२।१० को घटना विवरण कागज;-** प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनि थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

२३. **संजु देवी मण्डलको मिति २०७८।२।१० को घटना विवरण कागज;-** मिति २०७८।१।१७ गते बिहानदेखि म आफ्नै घरमा थिएँ। घरमा म मेरो श्रीमान, जेठान, मेरो छोरा, छोरी, जेठानको छोरा, छोरी, सासु, ससुरा रहेका थियौ। जेठानी आफ्नो माईती गएकी थिईन्। सो दिन हाम्रो घरमा मिस्त्रीहरु काम गर्दै थिए। मैले मिस्त्रीहरु तथा घर परिवारका सबै व्यक्तिहरुलाई खाजा खाना बनाई खाना दिई घरको काम गरी बसेको थिएँ। सोही दिनको करिव १७ बजेको समयमा मेरो श्रीमान संजय भन्ने जयकुमार मण्डलले छोरी बिरामी छ, तिमी जनकपुर जाउ, जनकपुरमा छोरीलाई चेक गराउनु, म भोलि बेलुका आउँछु, तिमीलाई सुनिलले जनकपुर पुर्याई दिन्छ भन्दा आज ढिलो भई सक्यो भोलि जान्छु, घरको काम पनि बाँकी छ भन्दा तिम्रो भाउजु सुशिला मण्डल आउँदै छ, सबै काम गरी हाल्छिन्, तिमी जाउ भनि बताउँदा श्रीमानको कुरा मानी म आफ्नो

छोरा छोरी सहित देवर सुनिल मण्डलले चलाएको मोटरसाईकलमा बसी जनकपुरस्थित पुल्चोकमा रहेको आफ्नो दिदीको कोठामा आई पुगे। म र देवर सुनिल मण्डलले समेत सोही डेरामा खाना खायौ। देवरलाई राति यही बस्नु, भोली जानु होला भन्दा देवरले कोठा गई बस्छु भनि सो डेराबाट राति करिव ९ बजे निस्की गएका थिए। सोही राति करिव १० बजे मैले आफ्नो श्रीमानलाई फोन गर्दा म माथि छतमा छु, कोठामा गएपछि फोन गर्छु भनि बताई फोन राखिदिएका थिए। म राति सुते। सोको भोलिपल्ट बिहान करिव ५:३० बजेको समयमा मेरो भान्जीले फोन गरी राति जेठान शम्भु कुमार मण्डलको हत्या गरी सुनिल कुमार मण्डल भागी फरार भएको भनि बताउँदा थाहा पाएको थिएँ। सो पश्चात् मलाई डर लागी म पनि आफ्नो घर नगई आफन्तको घरमा गई बसेको थिएँ। मेरो श्रीमान् जयकुमार मण्डल, देवर सुनिल मण्डल, जेठानी सुशिला मण्डल समेतले योजना बनाई मलाई जनकपुर पठाई रातिको समयमा निर्मम तरिकाले घाटी काटी हत्या गरेको ठिक साँचो हो। सो वारदातमा मेरो संलग्नता छैन। प्रतिवादीहरुलाई कानुनबमोजिम हदैसम्म सजाय गरी पाउँ।

२४. **अशोक कुमार मण्डलको मिति २०७८।२।११ को घटना विवरण कागज;-**प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनी थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

२५. **माल्वो देवी मण्डलको मिति २०७८।२।१२ को घटना विवरण कागज;-**प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरेर भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनी थाहा पाएको हो। श्रीचन मण्डल र सन्जु कुमारी मण्डलको उक्त घटनामा कहि कतै संलग्नता रहेको सुनेको छैन।

२६. **श्रीचन मण्डलको घटना विवरण कागज (मिति -२०७८।२।१२);-** सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई हत्या गर्ने योजना बनाई छुराले घाँटीमा रेटेर हत्या गरी भागेको हो। प्रतिवादीहरुलाई प्रतिवादी तेजनारायण महराले मोटरसाइकलमा चढाई भगाएको र विनोद कुमार महतोले आफ्नो घरकोठामा लुकाई छिपाई राखेको कुरा सुनी थाहा पाएको हो। मेरो वारदात घटनामा मेरो कुनै संलग्नता छैन।

२७. **मिति -२०७८।२।१६ को अभियोगपत्र;-** प्रतिवादीहरु संजय भन्ने जयकुमार मण्डल, सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डलले शम्भु कुमार मण्डललाई क्रुरतापूर्बक मारेकोले प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुरमा दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुन र निर्ममतापुर्वक क्रुर यातना दिई मारेकोले मुलुकी अपराध संहिता २०७४ को दफा ४१

को खण्ड (क) बमोजिम जीवित रहेसम्म कैद सजाय गरी पाउँ। प्रतिवादीहरु तेजनारायण महरा, बिनोद कुमार महतो, संजु देवी मण्डल, श्रीचन मण्डलले मतियारको कसूर गरेकोले निजहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) र दफा ४१ को खण्ड (क) को कसूरको दफा ३६ को उपदफा (१), (२) बमोजिमको कसूरमा दफा १७७ को उपदफा (२) र ४१ बमोजिम हुने सजायमा दफा ३६ को उपदफा (३) को खण्ड (ख) बमोजिम सजाय गरी पाउँ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा दफा १८६ बमोजिम प्रतिवादीहरूबाट मृतकको हकवालालाई मनासिव क्षतिपूर्ति दिलाई भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपुर्ति शुल्क वापतको रकम पीडित राहत कोषमा दाखिला गरी पाउँ।

२८. **प्रतिवादी सुनिल कुमार मण्डलले मिति २०७८।२।१७ मा सुरू अदालतमा गरेको वयान;-** मिति २०७८।१।१८ गते बिहान राति २ बजेको समयमा संजय भन्ने जयकुमार मण्डलले शम्भु कुमार मण्डललाई मारी घटना घटाएको हो। घटना भएपछि संजय भन्ने जयकुमार मण्डल भागी गएकोले डरको कारण म भागी चौरतिर गएको हो। जाहेरी दरखास्त तथा अन्य व्यक्तिको वेहोरा झुठा हो। उक्त घटना मैले घटाएको होईन। घटनाको वारेमा प्रतिवादी तेजनारायण महरालाई थाहा थिएन। निज मेरो साथी भएको नाताले सिरहाको गोल बजारसम्म छाडी दिएको हो। अरु केही गरेको छैन।

२९. **प्रतिवादी सुशिला कुमारी मण्डलले सुरू अदालतमा मिति २०७८।२।१७मा गरेको वयान;-** मेरो पति शम्भु कुमार मण्डल र देउरानी संजु देवी मण्डल बिच अनैतिक सम्बन्ध थियो। म र देवर सुनिल कुमार मण्डल बिच अनैतिक सम्बन्ध छैन। मिति २०७८।१।१८ गते बिहान राति २.३० बजेको समयमा म घरको बाथरूममा थिएँ, सोही समयमा वारदात घटना भएको हो। घटना घटेपश्चात् डरको कारणले देवर सुनिल कुमार मण्डलसँग भागी गएको हो। जाहेरी दरखास्त तथा अन्य व्यक्तिको वेहोरा झुठा हो, उक्त घटना मैले घटाएको होईन। मेरो ससुराले शंकाको आधारमा मेरो नाम पोल गरेको हो। देवर सुनिल कुमार मण्डलको साथी भएकोले तेजनारायण महराले हामीलाई सिरहाको गोल बजारसम्म छाडिदिएको हो।

३०. **प्रतिवादी तेजनारायण महराले मिति २०७८।२।१७ मा सुरू अदालतमा गरेको वयान;-** सुनिल कुमार मण्डल मेरो साथि हो। मिति २०७८।१।१८ गते बिहान राति २.३० बजेको समयमा म सिराहाको आफ्नै घरमा सुतिरहेको थियो। विहान अं.६ बजेतिर सुनिल कुमार मण्डलले मेरो मोवाइलमा फोन गरी मलाई बोलाउँदा म घरबाट रमौल गाउँमा गई सुनिल कुमार मण्डललाई भेट्दा सिराहाको गोलबजार पुर्याईदेउ भनेकाले सुनिल कुमार मण्डल र निजको भाउजु सुशिला कुमारी मण्डललाई लिई सिरहाको गोलबजारमा अ.८ बजेको समयमा पुर्याई छाडेर आफ्नो घरमा आएको हो। निजहरुले कर्तव्य गरी मारेको घटनाको बारेमा मलाई केही थाहा जानकारी थिएन। मैले निजहरुलाई उदयपुरको बेलटार जान भनेको भनेको छैन। अन्य व्यक्तिहरुको वेहोरा झुठा हो।

३१. **प्रतिवादी बिनोद कुमार महतोले मिति २०७८।२।१७ मा सुरू अदालतमा गरेको वयान;-** सुनिल कुमार मण्डल र तेजनारायण महरा मेरो साथि हो। मिति २०७८।१।१८ गते बिहान राति २.३० बजेको समयमा म सिराहा जिल्लामा जन्ती गएको थिएँ। प्रतिवादी सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डल मेरो कोठामा आएको छैन। मलाई

घटनाको वारेमा थाहा छैन। उक्त घटनामा म संलग्न पनि छैन। साथी भएको कारणले मैले निजसँग फोनमा कुराकानी गर्दा मेरो नाम समेत पोल गरी फसाएको हो।

३२. **मिति -२०७८।२।१८ को सुरू अदालतको थुनछेक आदेश** ;-तत्काल प्राप्त प्रमाणवाट प्रतिवादीहरु कसुरदार रहेनछन् भन्न सक्ने अवस्था नहुँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादीहरु सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डल, तेजनारायण महरा र बिनोद महतो समेतलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइ दिनू। साथै दशीको रूपमा पेश गरेको मोटरसाईकल जिन्सिमा बाँध्नु।

३३. **उच्च अदालत जनकपुरको मिति २०७८।५।३ को आदेश;-** प्रतिवादी विनोद कुमार महतोको हकमा भएको सुरू आदेश आदेश बदर गरी दिएको छ। प्रतिवादी विनोद कुमार महतोवाट धरौटी वापत रु.५,००,०००।- वा सो वरावरको वैंक ग्यारेन्टी वा जेथा जमानत माग गरी सो निजले बुझाएमा धरौटी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नू।

३४. **प्रतिवादी श्रीचन मण्डलले मिति २०७९।१।७ मा सुरू अदालतमा गरेको वयान;-**जाहेरी दरखास्त वेहोरा झुठा हो। उक्त घटनामा मेरो कुनै संलग्नता रहेको छैन। म निर्दोष छु। मैले मृतकको मृत्यु भएको कुरा पछि बहिनीको घरवाट फोन आई थाहा पाएको र गाउँघरमा हल्ला हुँदा सुनी थाहा पाएको थिएँ।

३५. **मिति २०७९।१।७ को सुरू अदालतको थुनछेक आदेश;-** पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा तत्काल प्राप्त प्रमाणवाट प्रतिवादी श्रीचन मण्डल भन्ने श्री चन्द्र मण्डललाई साधारण तारेखमा राखि मुद्दाको पुर्पक्ष गर्नू।

३६. **जाहेरवाला बद्री मण्डलले मिति २०७९।४।१८ मा सुरू अदालतमा गरेको बकपत्र;-**जाहेरी मैले नै दिएको हो, सबै बेहोरा ठिक छ। घटना वारदातको मिति र समयमा म भैंसी गोठमा सुतेको थिएँ। मलाई मिस्त्री कामदारले बोलाउन आई घरमा गएपछि छोरा शम्भु कुमार मण्डलको हत्या भएको हेर्दा घर कोठाभरि रगतै रगत थियो, घाँटी रेटी हत्या भएको थियो। उपस्थित मानिसहरुले भनेबमोजिम मेरो छोरा सुनिल कुमार मण्डल, जय कुमार मण्डल र बुहारी सुशिला कुमारी मण्डल समेत मिली छोरा शम्भु कुमार मण्डललाई घाँटी रेटी कर्तव्य गरी मारेको हो भनेकाले मैले जाहेरी दिएको हो। छोरा शम्भु कुमार मण्डल र बुहारी सुशिला कुमारी मण्डल बिच बेलाबेलामा बादबिबाद झगडा भई रहन्थ्यो। प्रतिवादी श्रीचन मण्डल मेरो घरमा आएको थिएन। प्रतिवादीहरु तेज नारायण महरा, बिनोद कुमार महतोको वारदातमा कुनै संलग्नता छैन। निजहरु निर्दोष रहेकाछन्।

३७. **प्रतिवादी विनोद कुमार महतोको साक्षी श्रवण महतोले मिति२०७९।४।१९ मा सुरू अदालतमा गरेको बकपत्र;-**घटना वारदातको मिति २०७८।१।१८ गते म र प्रतिवादी विनोद कुमार महतो सँगै जन्ती गएको र मिति २०७८।१।१९ गते जन्तीवाट फर्कि आएको थिएँ। प्रतिवादीलाई घटनाको वारेमा केहि थाहा जानकारी थिएन। निजको डेरा कोठामा प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डल बसेका थिएनन्।

३८. **प्रतिवादी तेजनारायण महराको साक्षी महिन्द्र महरा चमारले मिति २०७९।४।२२मा सुरू अदालतमा गरेको बकपत्र;-**प्रस्तुत मुद्दाको वारदात घटनामा प्रतिवादी तेजनारायण महराको कुनै संलग्नता रहेको छैन। सुनिल कुमार मण्डलले फोन गरी भनेपछि तेजनारायण महराले

साथिको हैसियतले गोलबजारसम्म पुर्याई दिएको हो। सुनिल कुमार मण्डलले हत्या गरी आएको कुरा तेजनारायण महरालाई थाहा थिएन। प्रतिवादी तेजनारायण महराले अभियोग दावी बमोजिमको कसुर अपराध नगरेकोले निजले सफाई पाउनुपर्ने हो।

३९. **प्रतिवादी श्रीचन मण्डलको साक्षी राज कुमार मण्डलको मिति २०७९।४।२४ मा सुरू अदालतमा गरेको बकपत्र;-** प्रतिवादी श्रीचन मण्डलउपर लगाइएको आरोप झुठा हो। प्रतिवादी असल चालचलन भएका शिक्षक पेशाका व्यक्ति हुन्। निजको वहिनीको ससुरालीमा भएको घटनामा प्रतिवादी सुशिला मण्डलको दाई भएकै कारणवाट शंकाको आधारमा यी प्रतिवादीलाई फसाइएको हो।

४०. **घटना विवरण कागज गर्ने राम सोगारथ यादवको मिति २०७९।४।२५ को बकपत्र;-**मैले गरेको घटना बिबरणको बेहोरा ठिक साँचो हो। शम्भु कुमार मण्डलको हत्या राति भएको हुँदा मैले देखिन। विहान घटनास्थलमा पुग्दा मृतकको श्रीमती सुशिला मण्डल, भाईहरु सुनिल कुमार मण्डल र जय कुमार मण्डल समेत मिली घाँटी रेति हत्या गरेको कुरा थाहा पाएको हो। प्रतिवादी बिनोद कुमार महतोको वारदातमा कुनै संलग्नता छैन।

४१. **घटनास्थल तथा लासजाँच मुचुल्काको साक्षी सुरेन्द्र शर्माको मिति २०७९।४।२को बकपत्र;-**घटनास्थल तथा लासजाँच मुचुल्काको बेहोरा ठिक साँचो हो। मृतक शम्भु कुमार मण्डलको लास निज र निजको पत्नी सुत्ने कोठाको खाटको छेउमा भुईमा उतानो परेको अवस्थामा रगतले रगताम्मै कोठा र शरिर रगतले लतपत भएको अवस्थामा घाँटी गहिरो गरी काटिएको अवस्थामा भेटिएको थियो। मुचुल्का तयार गर्दा मृतकको श्रीमती सुशिला मण्डल, भाईहरु सुनिल कुमार मण्डल र जय कुमार मण्डल फरार भई सकेका थिए।

४२. **प्रतिवादी विनोद कुमार महतोको साक्षी शिवकुमार महतोको मिति २०७९।४।२५ को बकपत्र;-**मिति २०७८।१।२० र २१ गते म र प्रतिवादी विनोद कुमार महतो सँगै गाईघाटमा प्रतिवादीको डेरामै थियौ। निजको डेरा कोठावाटै प्रहरीले प्रतिवादीलाई पक्राउ गरेको थियो। उक्त घटनामा निज प्रतिवादीको कुनै संलग्नता रहेको छैन। प्रतिवादी तेजनारायण महराले गाउँले रही निजसँग फोन सम्पर्क भएको कारणले निजउपर मुद्दा चलाइएको हुन सक्छ।

४३. **घटना विवरण कागज गर्ने पवित्रा देबिको मिति २०८०।२।१७ को बकपत्र;-** मैले गरेको घटना बिबरणको बेहोरा मेरो हो। रातीको समयमा मिस्त्रिले बोलाउन आउँदा उठेर छोरा शम्भु कुमार मण्डल सुतेको कोठातर्फ गई ढोका ढक्ढक्याउँदा बुहारी सुशिला कुमारी मण्डलले ढोका खोल्दा छोरा शम्भु कुमार मण्डल रगताम्य अवस्थामा देखेपछि मैले हल्लाखल्ला गर्दा बुहारी सुशिला मण्डल समेत भागी गएको हो। मैले देख्दा कोठामा बुहारी सुशिला कुमारी मण्डल मात्रै थियो। को को भई शम्भु कुमार मण्डललाई मारेको हो भन्न सक्तिन।

४४. **घटना विवरण कागज गर्ने ईशान मण्डलको मिति २०८०।४।१५ को बकपत्र;-**मैले गरेको घटना बिबरणको बेहोरा मेरो हो। मेरो वुवा शम्भु कुमार मण्डललाई काका सुनिल कुमार मण्डल र आमा सुशिला कुमारी मण्डलले मिली चाकुले घाँटी रेति हत्या गरेको मैले देखेको हो। अनुसन्धानको क्रममा मैले डरले संजय भन्ने जयकुमार मण्डलको नाम समेत लेखाइदिएको थिएँ।

४५. **सुरु अदालतको मिति २०८०।५।१३ को फैसलाः-** प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलले कसूरमा इन्कार रही अदालतमा बयान गरेतापनि निजहरूले अनुसन्धानमा गरेको साविति बयानलाई अन्य प्रमाणहरूले समर्थन गरेकोले निज प्रतिवादीहरूले शम्भु कुमार मण्डललाई नियतपूर्वक मारेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूर गरेको देखियो। उक्त कसूरमा दफा १७७ को उपदफा (२) तथा दफा ४२ बमोजिम २५(पच्चीस) बर्षको कैदको गणना हुने गरी जन्मकैदको सजाय हुने ठहर्छ। शम्भु कुमार मंडलको हत्याले निजको नाबालक छोराछोरी सृजना मण्डल र ईशान मण्डललाई पर्न गएको क्षति र प्रतिवादीहरुको अर्थिक अबस्था समेतलाई मघ्येनजर गर्दा मुलुकी अपराध संहिता २०७४ को दफा १८६ बमोजिम प्रतिबादीहरू सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलबाट जनही रू.५,००,०००।-(पाँच लाख रूपैयाँ) को दरले मृतकको नजिकको हकवाला निजको छोराछोरी सृजना मण्डल र ईशान मण्डलले क्षतिपुर्ति वापत दिलाई भराई दिने ठहर्छ। प्रतिवादीहरू श्रीचन मण्डल, विनोदकुमार महतो र तेजनारायण महतोको हकमा निजहरूउपर लगाइएको अभियोग दावी शंकारहित तवरले पुष्टि नभएकोले निजहरूले अभियोग दावीबाट सफाइ पाउने तथा फरार प्रतिवादीहरू संजय भन्ने जयकुमार मण्डल र संजुदेवी मण्डलको हकमा मुलतवीमा रहने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु धनुषा जिल्ला अदालतबाट भएको फैसला।

४६. **प्रतिवादी सुनिल कुमार मण्डलको पुनरावेदनपत्रः-** मैले आफ्नै दाजुलाई ज्यानै मार्ने सम्मको मेरो कुनै पुर्वयोजना तथा मनसाय थिएन। मृतक दाजुले मेरो माइली भाउजु सन्जुसँग अवैध सम्बन्ध राखेपछि मेरो माइला दाजु समेतले मृतक दाजुलाई सम्झाउँदा मृतक दाजुले नमानेको हुँदा मृतक दाजुसँग मेरो माइला दाजु संजय मण्डलको रिसइवी रहेकोले मलाई जेठो दाजु मृतक शम्भु कुमार मण्डललाई मार्न लगाएको मात्र हो। मलाई जुलाई मार्नमा मेरो कुनै मनसाय थिएन कुनै योजना थिएन। दाजुलाई मार्नमा माइला दाजु संजय मण्डलको मनसाय तथा पुर्व योजना भएको हुँदा मैले माइला दाजुको कुरा सुनी तथा मृतक दाजुले मलाई घर कोठाबाट निकाला गरेकोले म रिसको आवेशमा आई दाजुलाई मैले मारेको मात्र हुँ। दाजुले मलाई घरबाट निकाला नगरेको भए तथा जेठा मृतक दाजुले माइली भाउजुसँग अवैध सम्बन्ध नराखेको भए मैले त्यस्तो कुनै अपराध गर्ने थिइन। मृतक दाजुकै कारण म रिस आवेशमा आई रिस थाम्न नसकी होस गुमाएको कारण मैले माइला दाजुको कुरा सुनी अझ उत्तेजित भई दाजुलाई मारेकोमा मलाई गरिएको सजाय कानून विपरीत रहेकोले धुनषा जिल्ला अदालतबाट भएको फैसला कानूनतः त्रुटिपूर्ण रहेको हुँदा सुरु फैसला बदर गरी मलाई आवेशप्रेरित हत्यामा १० वर्ष सम्मको सजाय भएमा कानूनसम्मत हुने हुँदा सोही सजाय गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल कुमार मण्डलको पुनरावेदनपत्र।

४७. **वादी नेपाल सरकारको पुनरावेदनपत्रः-** प्रतिवादी बिनोद महतोले प्रतिवादीहरू सुनिलकुमार मण्डल र शुशिलाकुमारी मण्डललाई ज्यानसम्बन्धी कसूर गरी आएको थाहा पाएपछि पनि आफ्नो कोठामा जानीजानी बस्न दिई मतियारको भूमिका निर्वाह गरेको प्रतिवादीको अनुसन्धानको बयान तथा प्रहरी प्रतिवेदनबाट पुष्टि भएकोले निजलाई सफाइ दिने सुरू फैसला मिलेको छैन। प्रतिवादी तेज नारायण महराले धनुषाको रमौल चौकबाट विहान

७:३० बजे मोटरसाईकलमा बसाई प्रतिवादीहरू सुनिलकुमार मण्डल र शुशिलाकुमारी मण्डललाई सिरहाको गोलबजारसम्म छाडी दिएको तथ्य स्वीकार गरेको र प्रतिवादीहरू सुनिलकुमार मण्डल र शुशिलाकुमारी मण्डलले बयानमा समेत सो कुरा स्वीकार गरेको अवस्थामा प्रतिवादी तेज नारायण महरालाई अभियोग दावीबाट सफाइ दिएको सुरू फैसला मिलेको छैन। सुशिलाकुमारी मण्डल प्रतिवादी श्रीचन मण्डलको बहिनी रहेको र प्रतिवादी श्रीचन मण्डल समेत मिली योजना बनाएको भनि जाहेरी परेको र प्रतिवादीको बहिनी शुशिला वारदात भन्दा पूर्व मिति २०७८।०१।१६ गते माईतबाट घर आएको र १७ गते राती श्रीचन मण्डल समेत मिली पहिलेदेखि योजना बनाई शंभुकुमार मण्डललाई मार्नमा मतियारको भुमिका निर्वाह गरेको देखिएकोमा प्रतिवादीहरु श्रीचन मण्डल, तेज नारायण महरा र बिनोद महतोलाई अभियोग दावीबाट सफाई दिने सुरू फैसला मिलेको छैन। साथै प्रतिवादीहरु सुनिल कुमार मण्डल र शुशिला कुमारी मण्डललाई मुलुकी अपराध संहिताको दफा १७७(२) बमोजिम जन्मकैदको सजाय गरी दफा ४१ (क) बमोजिमको दावी नपुग्ने गरी भएको सुरू फैसला सो हदसम्म नमिलेकोले वदर गरी अभियोग मागदावी अनुसार प्रतिवादीहरूलाई सजाय गरी पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र।

४८. **प्रतिवादी सुशिलाकुमारी मण्डलको पुनरावेदनपत्रः-** मिति २०७८।१।१७ गते म आफ्नो माइती घरबाट आफ्नो पतिको घरमा बेलुकातिर फर्कि आएको छु। म आफ्नो माइतमा रहँदा मलाई भेटन मेरो देवर मेरो माइत घर आएको भन्ने उल्लेख छैन भने मसँग देवरको फोन सम्पर्क र भेटघाट समेत भएको छैन। छोरा इसान मण्डलले अदालतमा बकपत्र गर्दा चक्कुले घाटी रेटी हत्या गरेको देखेको भनि उल्लेख गरेको छ। सो हत्यामा प्रयोग भएको चक्कु बरामद पनि भएको छ। यदि हामीले सो चक्कुबाट मारेको हो भने त्यस चक्कुमा परेको निसान चिन्ह कसको औंलाको हो, सो समेत जाँच गरी प्रमाणको रुपमा पेश गर्नु पर्नेमा सो जाँच भएको देखिदैन। चक्कु बरामद भएको हो भने सो चक्कुको विटमा कसको औंलाको चिन्ह छ सो समेत जाँच गरी मिसिल सामेल राख्नु पर्नेमा नराखेको अवस्थामा एउटा नाबालकको भनाईको आधारमा कठोर सजाय गर्नु कानूनसम्मत छैन। नाबालक इसान मण्डलले अदालतमा र अनुसन्धानको क्रममा फरक फरक बयान र बकपत्र गरेको देखिन्छ। फरक बयान र बकपत्र गर्ने बालकको कुरालाई सत्यता जाँच्ने आधार मान्न मिल्दैन। मैले शम्भु मण्डललाई चक्कु प्रहार गरेको हो कि हात खुट्टा समातेको हो कि योजना बनाएको हो, के कार्य गरी ज्यान मारेको हो मिसिलबाट प्रमाणित छैन। मसँगै पक्राउ परेको सुनिल मण्डल समेतले मैले आफ्नो पतिलाई मारेको भनी पोल गरेको छैन। शम्भु मण्डलको निजको भाई बुहारीसँग अनैतिक सम्बन्ध रहेको अवस्थामा निजको भाइले मारेको हो, मैले मारेको होइन। मेरो देवरले मेरो पतिलाई मारेको देखेपछि म अचेत भए। सासुले मलाई कुटपिट गर्दा डरले म भागेको थिए। म भागेको कारण मेरो सासु पवित्री देवीले मलाई पोल गरेको हो। म अरुको छोरी भएको कारणले नै मलाई फसाउने उदेश्यले मलाई किटानी जाहेरी दिई फसाइएको छ। मेरो आफ्नो पति शम्भु मण्डललाई ज्यान मार्नेसम्मको मनसाय रहेको मिसिलबाट प्रमाणित नभएको, मैले आफ्नो पतिलाई ज्यानै मार्ने योजना बनाएको प्रमाणित नभएको, कुनै ठाउँमा बसी वा फोनबाट योजना बनाएको मिसिलबाट प्रमाणित नभएको, मैले आफ्नो पतिलाई ज्यानै मारेको हतियारमा मेरो औंलाको

चिन्ह रहेको प्रमाणित नपाएको, प्रत्यक्षदर्शिको रुपमा रहेको इसान मण्डलको बकपत्र बस्तुनिष्ठ नरही फरक फरक रहेको समेतको आधारबाट म निर्दोष हुँदा सुरु जिल्ला अदालतको फैसला उल्टि गरी अभियोग दावीबाट सफाइ पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सुशिला कुमारी मण्डलको पुनरावेदनपत्र।

४९. **यस अदालतको मिति २०८१।०६।०२ को आदेशः** यसमा सुरु धनुषा जिल्ला अदालतबाट मिति २०८०/५/१३ मा भएको फैसलाउपर बादी नेपाल सरकारको र प्रतिवादीहरु सुनिल कुमार मण्डल एवं सुशिला कुमारी मण्डलको दोहोरो पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रतिवादीहरुको पुनरावेदनपत्रको प्रतिलिपि उच्च सरकारी वकील कार्यालय जनकपुर र नेपाल सरकारको पुनरावेदनपत्रको जानकारी प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डललाई दिनू र अन्य प्रतिवादी बिनोद कुमार महतो, तेज नारायण महरा र श्रीचन मण्डलको हकमा म्याद सूचना जारी गरी म्यादमा हाजिर भए वा समयावधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

## ठहर खण्ड

५०. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको शुरु सक्कल मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी सुशिला कुमारी मण्डलको तर्फबाट उपस्थित विद्धान अधिवक्ता केशव कुमार यादवले प्रतिवादीको आफ्नै लोग्नेलाई मार्नुपर्नेसम्मको अवस्था र नियत मिसिलमा उल्लेख नभएको र प्रमाणबाट पुष्टि भएको छैन।सह-प्रतिवादी सुनिल कुमार मण्डलले चक्कु प्रहार गरेकोमा प्रतिवादी ईन्कार छैनन्।आफू बाथरूपमा रहँदाको समयमा वारदात भएको भनी प्रतिवादीले अदालतको बयानमा उल्लेख गरेबाट वारदात हुँदा वारदातस्थलमा निजको उपस्थिति देखिएको छैन। पति मरेको डरले प्रतिवादी घरबाट भागेकी हुन्। बुबालाई काट्ने काम सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले गरेका हुन् भन्ने इशानको अनुसन्धानको कागज र अदालतको बकपत्र व्यहोरा फरक फरक रहेको छ। ५ बर्षको बच्चालाई कसैले सिकाएर बकपत्र गराउँदैमा सोही आधारमा मात्र ज्यान जस्तो संगीन अपराधमा कसूरदार ठहऱ्याउनु न्यायोचित हुँदैन। प्रतिवादी सुशिलाकुमारी मण्डलले वारदातपछि आफ्नो नामको सम्पत्ति ससुराको नाममा अधिकृत वारेस गरिदिएकोले निजले सम्पत्तिमा लोभ गरेको भन्ने पनि देखिदैन। प्रतिवादी सुशिला मण्डलसँगै पक्राउ परेको प्रतिवादीको देवर सुनिल कुमार मण्डल समेत सुशिलाकुमारी मण्डलले आफ्नो पतिलाई मारेको भनी पोल गरेको छैनन्। शम्भु मण्डलको निजको भाई बुहारीसँग अवैध सम्बन्ध रहेको कारणले निजको भाइ संजयले शम्भु मण्डललाई मारेको हो। प्रतिवादी सुशिला मण्डलले लोग्नेलाई मारेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि नभएको अवस्थामा प्रतिवादीलाई जन्मकैदको सजाय गर्ने सुरु अदालतको फैसला नमिलेको हुँदा उल्टी गरी प्रतिवादीलाई अभियोग दावी बमोजिम सफाई दिलाई पाउँ भनी बहस गर्नु भयो।

५१. प्रतिवादी सुनिलकुमार मण्डलको तर्फबाट उपस्थित बैतनिक अधिवक्ता दिलिपकुमार मण्डलले प्रतिवादीले शम्भुकुमार मण्डललाई मारेकोमा इन्कार रही अदालतमा बयान गरेका छन्। निजले पुनरावेदनपत्रमा मृतक र भाइ बुहारी विचको अनैतिक सम्बन्धलाई देखेपछि सोही बिषयमा आवेशमा आई हत्या गरेको भनी उल्लेख गरेका छन्। प्रतिवादीले

वारदातमा प्रयोग गरेको हतियार जनकपुरबाट खरिद गरेको भन्ने प्रमाणबाट पुष्टि भएको छैन्। त्यस्तो हतियार प्रतिवादीको घरमै पनि हुनसक्ने हुँदा प्रतिवादीलाई मनसायप्रेरित हत्याको वारदात कायम गरी सजाय गरिएको सुरू फैसला उल्टी गरी आवेशप्रेरित हत्यामा सजाय हुनुपर्ने देखिन्छ भनी गर्नु भएको बहस सुनियो।

५२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय जनकपुरका विद्वान सहायक-न्यायाधिवक्ता अजितनारायण लाल कर्णले प्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डलउपर किटानी जाहेरी परेको र जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा वकपत्र गरेका छन। प्रतिवादीहरूको चक्कु प्रहारबाट शम्भु मण्डलको मृत्यु भएकोमा विवाद देखिदैन। मृतकको छोरा इसान मण्डलले अदालतमा बकपत्र गर्दा काका सुनिलकुमार मण्डल र आमा सुशिला मण्डलले चक्कुले रेटी रेटी बुबाको घाटी काटेको हो भनी अनुसन्धानमा कागज र अदालतमा वकपत्र गरेका छन्। दुवै प्रतिवादीहरूले दावीको कसूर गरेकोमा सावित रही अनुसन्धानमा बयान गरेका छन्।दुवै प्रतिवादीहरू वारदातपछि भागी गोलबजार हुँदै उदयपुरबाट पक्राउ गरेका छन्। यसर्थ दुबै प्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डलले मनसायसहित शम्भुकुमार मण्डलको हत्या गरेकोमा कसूरदार ठहर गरेको हदसम्म सुरू फैसला मिलेको भएतापनि दुवै प्रतिवादीहरूले शम्भुकुमार मण्डललाई घाटी रेटी रेटी निर्ममतापूर्वक हत्या गरेको पुष्टि भएकोमा प्रतिवादीहरूलाई जीवित रहेसम्म कैद सजाय गर्नुपर्नेमा २५ बर्ष मात्र कैद सजाय गरेको सुरू फैसला नमिलेकोले अभियोग दावीबमोजिम प्रतिवादीहरूलाई सजाय हुनुपर्छ।

५३. प्रतिवादी सुनिलकुमार मण्डलले शम्भुकुमार मण्डललाई हत्या गरी घरबाट भागी तेज नारायण महरालाई बोलाई प्रतिवादी तेज नारायणले राती नै दुवै प्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डललाई आफ्नो मोटरसाइकलमा राखी गोलबजारमा पुर्‍याउने कार्यमा सहयोग गरेको तथ्य प्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डलले बयानमा स्वीकार गरेका छन्। तेज नारायण महराले पनि सो तथ्यलाई स्वीकार गरी अनुसन्धान तथा अदालतमा बयान गरेकोमा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला नमिलेकोले उल्टी गरी अभियोग दावीबमोजिम तेजनारायण महरालाई मतियारको कसुरमा सजाय हुनुपर्छ।अर्का प्रतिवादी विनोद कुमार महतोले पनि दुवै सहप्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डललाई वारदातपछि भागी गएकोमा उदयरपुरमा आफ्नो कोठामा राखी अपराध लुकाउन सहयोग गरेको प्रतिवादी विनोदकुमार महतोको अनुसन्धानको साविति बयान र सहप्रतिवादीहरू सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डलको बयानबाट पुष्टि भएकोमा निजहरू दुवैलाई अभियोग दावीबमोजिम मतियारमा सजाय नगरी सफाइ दिने सुरू फैसला नमिलेकोले उल्टी गरी प्रतिवादी विनोदकुमार महतोलाई अभियोग दावीबमोजिम मतियारमा सजाय हुनुपर्छ। अर्का प्रतिवादी श्रीचन मण्डल प्रतिवादी शुशिला कुमारी मण्डलको दाजु रहेको भन्ने देखिएको छ। वारदातको अघिल्लो दिन सुशिलाकुमारी मण्डल आफ्नो माइतीमा गई श्रीचनसँग आफ्नो लोग्नेलाई मार्ने सल्लाह गरी आएको पुष्टि भएको छ। प्रतिवादी श्रीचन मण्डल समेत मिली शम्भुकुमार मण्डललाई मार्ने योजना बनाएको भनि जाहेरी परेको अवस्थामा प्रतिवादी श्रीचन मण्डल समेत मिली पहिलेखि योजना बनाई शम्भुकुमार मण्डललाई मार्नमा मतियारको भुमिकामा रहेको देखिदा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू धनुषा जिल्ला अदालतको फैसला नमिलेको

हुँदा बदर गरी निजलाई अभियोग दावीबमोजिम कसूर कायम गरी सजाय हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

५४. प्रत्यर्थी प्रतिवादी तेजनारायाण महराको तर्फबाट उपस्थित विद्वान अधिवक्ता मदन प्रसाद पाण्डेयले प्रतिवादी तेजनारायण महराले प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डललाई रमौलदेखि लगेकोमा विवाद नभए पनि प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले शम्भुकुमार मण्डलालाई मारेर आएको भन्ने तथ्य तेजनारायण महरालाई थाहा थिएन। सुनिलले घरमा झगडा गरेर आएको भनी तेजनारायण महरालाई फोनमा र भेट हुँदा भनेका छन्।स्वयं जाहेरवालाले वकपत्र गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल, सञ्जयकुमार मण्डल र सुशिलाकुमारी मण्डल बाहेक अन्यको उक्त वारदातमा संलग्नता छैन भनी बकपत्र गरेका छन्। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी तेजनारायण महराले शम्भुकुमार मण्डललाई मार्नमा सहयोग पुऱ्याएको वा अन्य सहप्रतिवादीहरूले मारिसकेपछि निजहरूलाई भगाउनमा सहयोग गरेको भन्ने पुष्टि नभएको अवस्थमा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

५५. अर्का प्रत्यर्थी प्रतिवादी विनोद कुमार महतोको तर्फबाट उपस्थित विद्वान अधिवक्ता अनिल कुमार सदाले विनोदकुमार महतोलाई वारदातको बारेमा थाहा थियो भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिदैन।प्रतिवादी सुनिलकुमार मण्डल विनोदकुमार महतोका साथी भएकोले साथी सुनिलकुमार मण्डलले घुम्न आउँछौ भनी फोनमा भनेपछि विनोदकुमार महतोले सहमति दिई सुनिलकुमार मण्डल समेत आफू भएको स्थानमा पुगेपछि विनोदकुमार महतोले आफ्नो कोठामा राखेको हो। प्रतिवादी सुनिलकुमार मण्डलले शम्भुकुमार मण्डललाई मारी भागेर आएको भन्ने विनोदकुमार महतोलाई थाहा थिएन। सुनिलको मौकाको बयानसमेतबाट सो तथ्य पुष्टि भएको छ। स्वयं सुशिलाकुमारी मण्डलको अनुसन्धानको बयानबाट पनि उक्त वारदातको बारेमा विनोदकुमार महतोलाई थाहा थिएन भन्ने देखिन्छ भने जाहेरवाला बद्री मण्डलले पनि वारदातमा विनोदकुमार महतोको संलग्नता छैन भनी बकपत्र समेत गरेका छन्। यसर्थ मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विनोदकुमार महतोको दावीको कसूरमा संलग्नता नहुँदा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला मिलेको देखिदा सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

५६. यस्तै अर्का प्रत्यर्थी प्रतिवादी श्रीचन मण्डलको तर्फबाट उपस्थित विद्वान अधिवक्ता प्रदिपकुमार मिश्रले प्रतिवादी श्रीचन मण्डलले दावीको कसूरमा इन्कार रही अनुसन्धान तथा अदालतमा बयान गरेका छन्। जाहेरवालाले रिसइवी राखी जाहेरी दरखास्तमा सम्म प्रतिवादी श्रीचन मण्डलको नाम पोल गरेको भएतापनि निजले अनुसन्धानमा कागज गर्दा प्रतिवादी श्रीचन मण्डललाई पोल गरेका छैनन। जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल, सञ्जयकुमार मण्डल र सुशिलाकुमारी मण्डल मात्रको प्रस्तुत वारदातमा संलग्नता छ भनी बकपत्र गरेका छन्। आफूले आफ्नो लोग्ने बाहेक अन्य व्यक्तिसँग शारीरिक सम्बन्ध राखेको र लोग्नेलाई मार्नुपर्छ भनी आफ्नै बहिनी सहप्रतिवादी सुशिलाकुमारी मण्डलले आफ्नै दाजु श्रीचन मण्डलसँग भनेको शम्भुकुमार मण्डललाई मार्ने योजना बनाएको भन्ने तथ्य हाम्रो सामाजिक परिवेशमा उपयुक्त देखिदैन। मिसिल संलग्न प्रमाणहरूबाट शम्भुप्रसाद मण्डललाई मार्ने योजना बनाउने कार्यमा प्रतिवादी

श्रीचन मण्डलको संलग्नता पुष्टि नभएकोले निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

५७. उपरोक्त तथ्य रहेको प्रस्तुत मुद्दामा दुबै पक्षको तर्फबाट उपस्थित विद्धान कानून व्यवसायीहरूको बहस सुनी शुरु धनुषा जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डल र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

५८. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरु संजय भन्ने जय कुमार मण्डल, सुशिला कुमारी मण्डल, सुनिल कुमार मण्डलले शम्भु कुमार मण्डललाई क्रुरतापूर्बक मारेकोले प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुरमा दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुन र निर्ममतापुर्वक क्रुर यातना दिई मारेकोले दफा ४१ को खण्ड (क) बमोजिम जीवित रहेसम्म कैद सजाय गरी पाउँ तथा प्रतिवादीहरु तेज नारायण महरा, बिनोद कुमार महतो, संजु देवी मण्डल र श्रीचन मण्डलले शम्भुकुमार मण्डललाई मार्नमा मतियारको भूमिका निर्वाह गरेकोले निजहरुलाई दफा १७७ को उपदफा (१) र दफा ४१ को खण्ड (क) को कसूरको दफा ३६ को उपदफा (१),(२) बमोजिमको कसूरमा दफा १७७ को उपदफा (२) र ४१ बमोजिम हुने सजायमा दफा ३६ को उपदफा (३) को खण्ड (ख) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकको हकवालालाई प्रतिवादीहरूबाट मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउँ भन्ने अभियोग दावी रहेको देखिन्छ। प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलले नियतपूर्वक शम्भु कुमार मण्डललाई मारेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा दफा १७७ को उपदफा (२) तथा दफा ४२ बमोजिम २५(पच्चीस) बर्षको कैद सजाय हुने, प्रतिबादीहरू सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलबाट जनही रू.५,००,०००।-(पाँच लाख रूपैयाँ) को दरले मृतकको नजिकको हकवाला छोराछोरी सृजना मण्डल र ईशान मण्डलले क्षतिपुर्ति भराइ पाउने, प्रतिवादीहरू श्रीचन मण्डल, विनोदकुमार महतो र तेजनारायण महतोले अभियोग दावीबाट सफाइ पाउने तथा फरार प्रतिवादीहरू संजय भन्ने जयकुमार मण्डल र संजुदेवी मण्डलको हकमा मुलतवीमा रहने ठहरी सुरू अदालतबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलले क्रुरतापूर्वक मारेकोले निजहरूलाई जिवित रहेसम्म जन्मकैद गर्नुपर्ने, अन्य सफाइ पाएको प्रतिवादीहरू श्रीचन मण्डल, विनोदकुमार महतो र तेजनारायण महतो अभियोग दावीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर देखिन्छ। यस्तै आवेशमा आई हत्या गरेकोले आवेशप्रेरित हत्यामा सम्म सजाय हुनुपर्ने भन्ने प्रतिवादी सुनिलकुमार मण्डलको पुनरावेदनपत्र र शम्भुकुमार मण्डललाई मार्नमा आफ्नो कुनै भूमिका नरहेकोले अभियोग दावीबाट सफाइ पाउनु पर्नेमा कसूर ठहर गरी सजाय गरेको नमिलेको भन्ने प्रतिवादी सुशिलाकुमारी मण्डलको छुट्टाछुट्टै पुनरावेदनपत्र देखियो।

५९. सर्वप्रथम प्रतिवादी सुनिलकुमार मण्डलको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा दाजु शम्भुकुमार मण्डलले आफ्नो माइली भाउज्यू सञ्जुकुमार मण्डलसँग अवैध शारीरिक सम्बन्ध राखेको र माइला दाजु सञ्जयकुमार मण्डल समेतले सम्झाउँदा मृतक दाजुले नमानेको हुँदा

माइलो दाजु सञ्जयकुमार मण्डलले रिसइवी राखी मार्न लगाएको हो, दाजु शम्भुकुमार मण्डललाई मार्ने मनसाय र योजना थिएन, मृतक शम्भुकुमार मण्डलले आफूलाई घरबाट निकाला गरेकोले रिसको आवेशमा आई होस गुमाई हत्या गरेकोले आवेशप्रेरित हत्यामा मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ बमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर देखियो। प्रतिवादी सुनिलकुमार मण्डलले अदालतमा बयान गर्दा सहप्रतिवादी सञ्जय भन्ने जयकुमार मण्डलले मारेको भनी कसूरमा इन्कार रही बयान गरेको भएतापनि अनुसन्धानमा बयान गर्दा अन्य सहप्रतिवादीसँग मिली आफूले शम्भुकुमार मण्डलको घाँटी रेटी हत्या गरेको भनी र पुनरावेदनपत्रमा पनि शम्भुकुमार मण्डललाई आफूले हत्या गरेकोमा सावित रही बयान गरेको देखियो।

६०. अब पुनरावेदन जिकिरबमोजिम प्रतिवादी सुनिलकुमार मण्डलले आवेशप्रेरित भै शम्भुकुमार मण्डलको हत्या गरेको हो वा मनसायसहित हत्या गरेको हो भन्ने सम्बन्धमा विचार गर्दा आवेशप्रेरित हत्यामा पीडितको कारणले व्यक्ति तत्काल आवेशमा आई उसै मौकामा उठेको रिस थाम्न नसकी पीडितमाथि आक्रमण गरेको हुन्छ। यस्तो अवस्था लामो समयसम्म नरही क्षणिक समय मात्र रहन्छ। आवेशप्रेरित कार्यमा कर्ताको पूर्व रिसइबि र मनसाय रहेको हुँदैन। तत्काल उठेको रिस र आवेगलाई नियन्त्रण गर्न नसकी आत्मनियन्त्रण गुमाउँदाको परिणतिबाट निस्केको परिणाम वारदात घट्न पुग्छ। यसमा दोषी मनोभावना नहुँदानहुँदै पनि तत्काल उठेको आवेगलाई व्यक्तिले नियन्त्रण गर्न नसक्दाको परिणाम वारदात घटन सक्छ।कर्ताले आफैलाई नियन्त्रण गर्न नसकी उत्तेजित भै आफ्नो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट घटना घटन गएको हुन्छ। तथापि प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडितबाटै हुनुपर्ने हुन्छ।मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ ले पनि यही अवस्थालाई आत्मसात गरेको देखिन्छ। निमतेम्बा शेर्पा विरूद्ध पेमलमु शेर्पाको जाहेरीले नेपाल सरकार भएको मुद्दामा "ज्यानसम्बन्धी मुद्दाहरूमा आवेशको अवस्थालाई अपराधको गाम्भीर्यता घटाउने परिस्थितिको रूपमा लिइने हुँदा यस्तो हत्यालाई मनसायप्रेरित हत्याको वर्गमा राखेर हेरिएको पाइँदैन। यस्तो हत्यामा प्रतिवादीमा पीडितउपर आक्रमण गर्ने उत्तेजना भने तत्काल जागृत भएको हुन्छ। आवेशको उत्तेजनामा गरिने कार्यमा कर्ताले त्यसबाट उत्पन्न हुने परिणामको ख्याल नगर्ने र त्यस सम्बन्धमा कुनै सोच विचारसमेत नगर्ने हुँदा आवेशको अवस्थालाई तत्कालीन भावावेश र उत्तेजनाको रूपमा लिनुपर्ने हुन्छ" भनिएको छ।[1]

६१. मनसायपूर्वक गरिने कार्यमा कुनै कार्य गर्ने दुषित मनसाय राखी पूर्वयोजना बनाई कार्य गरिएको हुनुपर्दछ। सो कार्यको परिणामको पूर्व जानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ भनी सर्वोच्च अदालतबाट व्याख्या भएको देखिन्छ।[2] मनसायपूर्वक गरिने कार्यमा जहिलेसुकै पनि पूर्व रिसइवी नै हुनुपर्ने वा पूर्वयोजनाबद्ध कार्य नै भएको हुनुपर्ने भन्ने हुँदैन, गरिएको कार्यको परिणामस्वरूप कुनै नतिजा निस्कने स्वाभाविक स्थिति छ भने त्यो कार्य पनि मनसाययुक्त नै मानिन्छ भनी

[1] नेकाप २०७५ फागुन, नि.नं १०१३९

[2] नेपाल सरकार विरूद्ध रामईश्वर राय यादवसमेत, नेकाप २०७१ पुस, नि नं ९२४३

रमेशसिंह कुँवर विरूद्ध मानविर सिंह कुँवरको जाहेरीले नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतबाट निर्णय भएको छ।[3]

६२. माथि विवेचना भएबमोजिम कुनै कर्तव्य ज्यान मुद्दामा अमुक कार्य मनसायप्रेरित हत्या हो वा आवेशप्रेरित हत्या हो भनी छुट्याउने प्रमुख आधार भनेको मनसाय तत्त्व नै हो । मनसाय तत्त्व अदृश्य हुने हुँदा यसलाई कर्ताको कार्य प्रकृति र उक्त कार्यको परिणामबाट पहिल्याउनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी सुनिलकुमार मण्डलले सहप्रतिवादीहरू सुशिलाकुमारी मण्डल र जयकुमार मण्डल समेतसँगको लामो सल्लाहमा पूर्व योजना बनाई शम्भुकुमार मण्डललाई मार्ने रिसइवी राखी जनकपुरबाट हतियार खरिद गरी घरमा लगी राखी रातको समयमा सबै सुतिसकेपछि शम्भुकुमार मण्डललाई आक्रमण गरी धारिलो हतियारले घाटी रेटी हत्या गरेको वारदातलाई आवेशप्ररित हत्या भन्न मिल्ने देखिएन। यसर्थ वारदातको प्रकृतिबाट प्रतिवादी सुनिलकुमार मण्डलले गरेको कार्य आवेशप्रेरित हत्या भन्ने नदेखिई प्रतिवादीले मनसायप्रेरित शम्भुकुमार मण्डलको हत्याको वारदात कायम गरी सजाय गर्ने सुरू फैसला अन्यथा देखिएन। आवेशप्रेरित हत्याको वारदात कायम गरी सजाय गरी पाउँ भन्ने प्रतिवादी सुनिलकुमार मण्डलको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

६३. अर्का प्रतिवादी सुशिलाकुमारी मण्डलको पुरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा आफूले शम्भुकुमार मण्डललाई नमारेको तथा उक्त वारदातमा आफ्नो संलग्नता नभएको भनी कसूरमा इन्कार रही अदालतमा बयान गरेतापनि अनुसन्धानमा बयान गर्दा वारदातको दिन अन्य सहप्रतिवादीहरू जयकुमार मण्डल र सुनिलकुमार मण्डलले शम्भुकुमार मण्डललाई मार्ने पूर्व सल्लाहबमोजिम तीनै जना घरमा जम्मा भई राति सबै जना सुतिसकेपछि अन्य सहप्रतिवादीहरूले शम्भुकुमार मण्डललाई समाती चक्कूले घाटी रेटन लागेपछि प्रतिवादी सुशिलाकुमारी मण्डलले शम्भुकुमार मण्डलको हात र खुट्टा समाती मार्नमा सहयोग पुऱ्याएको, सासुले ढोका ढकढकाएपछि सासुलाई ढोका खोल्न र वारदातस्थलभित्रको कोठाभित्र पस्न नदिएको र शम्भुकुमार मण्डल मरिसकेपछि तथा सासुले हल्ला गरेपछि अन्य सहप्रतिवादीहरूसँग मिली भागेको भनी कसूरमा सावित रही बयान गरेको देखिन्छ। वारदातको लगत्तै अन्य सहप्रतिवादीहरूसँग घरबाट भागी वारदातमा रगत लागेको लुगा जलाइ नष्ट गरी नयाँ लुगा लगाई सिराहाको गोलवजार हुँदै उदयपुरसम्म पुगेको तथ्यलाई अदालतको वयानमा समेत स्विकार गरेको देखिन्छ। शम्भुकुमार मण्डललाई मार्ने भनी सहप्रतिवादीहरू सुशिलाकुमारी मण्डल र जयकुमार मण्डलसँग सल्लाह गरी सुशिलाकुमारी मण्डलको कोठामा आई शम्भुकुमार मण्डललाई सुशिलाकुमारी मण्डल र जयकुमार मण्डलले समाती मैले चक्कूले घाटीमा रेटी शम्भुकुमार मण्डललाई मारेको हो भनी सहप्रतिवादी सुनिलकुमार मण्डल र सञ्जुदेवी मण्डलले प्रतिवादी सुशिलाकुमारी मण्डलको अनुसन्धानको साविति बयान अनुरूपको पोल बयान गरेको देखिन्छ।

६४. प्रतिवादी सुशिलाकुमारी मण्डलले अन्य सहप्रतिवादीहरूसँग मिली शम्भुकुमार मण्डललाई मारेको भन्ने किटानी जाहेरी दरखास्त परेको देखिन्छ भने जाहेरवाला बद्री मण्डलले सोही बमोजिमको अदालतमा बकपत्र गरेको देखिन्छ। मेरो बुवा शम्भुकुमार मण्डललाई काका सुनिलकुमार मण्डल र आमा सुशिलाकुमारी मण्डलले मिली चक्कूले घाँटी रेटी हत्या गरेका

[3] नेकाप २०८० मार्ग, नि.नं ११९५३

हुन् भनी घटनाका प्रत्यक्षदर्शी प्रतिवादीको ५ बर्षको नावालक छोरा ईशान मण्डलले प्रतिवादीको अनुसन्धानको बयानलाई समर्थन हुने गरी अनुसन्धानमा कागज तथा अदालतमा बकपत्र गरेको देखिन्छ। घटना विवरण कागज गर्ने पवित्रादेवी, रामसोगारथ यादव समेतले प्रतिवादी सुशिलाकुमारी यादव समेत भई शम्भुकुमार मण्डललाई मारेको हो भनी अदालतमा बकपत्र गरेको देखियो। यसरी प्रतिवादी सुशिला कुमारी मण्डलले अदालतको बयानमा कसूरमा इन्कार रहेतापनि निजको अनुसन्धानको साविति बयान र सहअभियुक्त सुनिलकुमार मण्डलको अनुसन्धानको पोल बयान घटनाका प्रत्यक्षदर्शी इशान मण्डलको बकपत्र समेतका स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखियो।

६५. वारदातको समयमा आफू वाथरूपमा रहेको भन्ने प्रतिवादी सुशिलाकुमारी मण्डलको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा माथि उल्लेख भएबमोजिम घटनाका प्रत्यक्षदर्शी प्रतिवादीका नावालाक छोरा इशान मण्डलले आमा सुशिलाकुमारी मण्डलले बाबुको खुट्टा समातेको र सुनिलकुमार मण्डलले चक्कूले घाटी रेटेको भनी प्रतिवादी सुशिलाकुमारी मण्डल र सुनिलकुमार मण्डलको अनुसन्धानको साविति वयान अनुरूप नै अनुसन्धानमा कागज र अदालतमा वकपत्र गरेको तथा प्रतिवादीकी सासु पवित्री देवीलाई वारदातस्थलको कोठाभित्र पस्न नदिएको भन्ने पवित्री देवीको अनुसन्धानको कागज र अदालतको बकपत्र समेतबाट देखियो। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी सुशिलाकुमारी मण्डल समेतले शम्भुकुमार मण्डललाई मार्नमा मनसायसहित सक्रिय सहभागिता रहेको पुष्टि भइरहेको अवस्थामा वारदातको कुनै क्षणिक समयमा वाथरूममा भएको भए पनि आफू समेत रहेको कोठामा आफ्नै लोग्नेको हत्या हुँदा निजले थाहा नपाएको वा निजको संलग्नता नभएको भनी भन्न मान्न मिल्ने देखिएन।

६६. आफ्नै लोग्नेको ज्यानै मार्ने आफ्नो नियत वा मनसाय थिएन भन्ने प्रतिवादी सुशिलाकुमारी मण्डलको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा मनसाय तत्व भित्री कुरा हो, यो प्रत्यक्ष रूपमा देखिँदैन, कर्ताको कार्यबाटे मनसाय पहिल्याउने हो। **मनसाय** (Mens Rea) अर्थात  मानसिक तत्व  मनको कुरा वा भित्री कुरा हो जो बाहिर देखिँदैन। थाहा लाग्दैन। मनोगत कुरा धेरै हदसम्म परिस्थितिजन्य तथ्य वा गरिएको कार्यबाट बोध हुनसक्ने हुन्छ। माथि विवेचना भएबमोजिम सहप्रतिवादी सुनिलकुमार मण्डलसँगको अवैध सम्बन्धको कारण आफ्नै लोग्नेलाई मार्न जनकपुरमै सल्लाह र पूर्व तयारी गरी अन्य सहप्रतिवादीहरूसँग सम्पर्क गरी माइतीबाट वारदातको बेलुका घरमा आएको भन्ने देखिदा प्रतिवादीको मनसाय नभएको भन्ने पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन। यसर्थ उल्लिखित आधारमा शम्भुकुमार मण्डललाई मार्नमा प्रतिवादी सुशिलाकुमारी मण्डलको समेत अन्य सहप्रतिवादीसरह समान सहभागिता देखिदा निजलाई अभियोग दावीको कसूर गरेको ठहऱ्याई सजाय गर्ने गरेको सुरू फैसला अन्यथा देखिएन।

६७. अब वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डललाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (१) को कसूरमा २५ बर्ष मात्र कैद सजाय गरेको सुरु फैसला नमिलेकोले दुवै प्रतिवादीहरूले

क्रुर यातना दिई वा  निर्ममतापूर्वक ज्यान मारेकोले अभियोग दावीबमोजिम सोही संहिताको दफा ४१ (क) बमोजिम जीवित रहेसम्म कैद सजाय गर्नुपर्ने भन्ने पहिलो पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा कसैलाई पनि यातना दिन वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिन नहुने व्यवस्था मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ६ र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७ ले गरेको देखिन्छ। Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment १९८४ ले यातनाको परिभाषा गरेतापनि क्रुर र अमानवीय व्यवहारको परिभाषा गरेको देखिएन। नेपाल कानूनले क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मार्ने कसूरको गम्भीरता बढाई आजिवन कारवासमा रहने व्यवस्था गरेको भएतापनि क्रुर यातना वा निर्ममतापूर्वक ज्यान मार्ने कार्य के हो भनी परिभाषा गरेको देखिदैन।

६८. मानिसको बाँच्न पाउने प्राकृतिक अधिकार समाप्त हुने गरी सम्बन्धित व्यक्तिको इच्छा विरूद्ध मानिसलाई मार्ने वा जीवनलिला समाप्त गर्ने कार्य आफै अनैतिक, असभ्य र अमानवीय जघन्या कार्य हो। मानिसको ज्यान लिने कार्यबाट मानिस नमरेसम्म पीडितलाई शारीरिक र मानसिक यातना पुग्ने कुरामा दुई मत हुन सक्दैन। त्यसमा पनि चक्कूले घाटी रेटी हत्या गर्ने कार्य आफैमा विभत्स, अमानवीय र घृणाजनक कार्य हो। तथापि उक्त कानूनमा प्रयुक्त "**क्रुर यातना दिई वा  निर्ममतापूर्वक ज्यान मारेको**" भन्ने बाक्यांशले सबै प्रकारका कर्तव्य ज्यान वा हत्यालाई समेटन खोजेको भन्ने अर्थमा लिन मिल्ने देखिदैन। यस्तो हत्या, जहाँ कर्ताले व्यक्तिको हत्या गर्ने मात्र मनसाय नराखी यातना दिई हत्या गर्ने मनसाय समेत राखी कार्य गर्छ भने त्यसलाई क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको भन्ने अर्थमा लिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले शम्भुकुमार मण्डललाई चक्कूले घाटी रेटी मारेको भन्ने शव परीक्षण प्रतिवेदन र लाशजाँच मुचुल्का समेतबाट देखिएतापनि त्यसरी मार्दा जानीजानी मृतकलाई मनसाय राखी दुःख वा असहाय पीडा हुने गरी लामो समय लिई वा प्रतिशोध लिने गरी मारेको भन्ने नदेखिदा यस्तो कार्यलाई कानूनमा व्यवस्था भएबमोजिम क्रुर वा निर्ममतापूर्वक ज्यान मारेको भन्ने अर्थमा लिन मिल्ने देखिएन। यसर्थ दुबै प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम जीवित रहेसम्म कैद सजाय नगरी सामान्य कर्तव्य ज्यान मुद्दाका प्रतिवादीसरह २५ बर्ष कैद सजाय गर्ने सुरू फैसला अन्यथा देखिएन।

६९. प्रतिवादी तेजनारायाण महराले वारदातपछि भागेका प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डललाई रमौल चौकदेखि सिराहाको गोलबजारसम्म पुऱ्याई अपराधीहरूलाई भगाउन मतियारको भूमिका खेलेकोमा निजलाई सो अभियोग दावीबाट सफाइ दिएको सुरु फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादी तेजनारायण महरालाई सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले वारदातपछि फोन गरी बोलाएपछि निजहरुलाई धनुषाको रमौल चौकदेखि सिराहाको गोलबजारसम्म आफ्नो मोटरसाइकलमा

चढाई पुऱ्याएको तथ्यलाई स्वीकार गरी अनुसन्धान तथा अदालतमा बयान गरेको देखियो। अब दुबै सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले शम्भुकुमार मण्डललाई हत्या गरी भागेको भन्ने तथ्य प्रतिवादी तेजनारायण महरालाई थाहा थियो थिएन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू तेजनारायण महरा र सुनिलकुमार मण्डल साथी भएको भन्ने देखिन्छ। राती घरमा झगडा भएकोले म तथा भाउजु घरबाट भागी धनुषाको रमौलको चौरमा बसेको भनी सुनिलकुमार मण्डलले फोन गरेको भन्ने तेजनारायण महराको अनुसन्धान तथा अदालतको बयान देखियो। घटनाको बारेमा तेजनारायण महरालाई थाहा थिएन भनी सहप्रतिवादी सुनिलकुमार मण्डलले समेत बयान गरेको देखियो। स्वयं जाहेरवालाले वकपत्र गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल, सञ्जयकुमार मण्डल र सुशिलाकुमारी मण्डल बाहेक अन्यको उक्त वारदातमा संलग्नता छैन भनी बकपत्र गरेका छन्। प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले शम्भुकुमार मण्डललाई मारेर आएको भन्ने तथ्य प्रतिवादी तेजनारायण महरालाई थाहा जानकारी भएको वादी पक्षले पुष्टि गर्न सकेको देखिएन। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी तेजनारायण महराले शम्भुकुमार मण्डललाई मार्नमा सहयोग पुऱ्याएको वा अन्य सहप्रतिवादीहरूले मारिसकेपछि निजहरूलाई भगाउनमा सहयोग गरेको भन्ने पुष्टि नभएको अवस्थमा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला अन्यथा नदेखिदा यस सम्बन्धी वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

७०. अर्का प्रतिवादी विनोद कुमार महतोले वारदातपछि सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डललाई जानीजानी आफ्नो कोठामा बास बस्न दिएकोले निजलाई अभियोग दावीबमोजिम मतियारको रूपमा सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डल आफ्नो कोठामा नआएको भनी प्रतिवादी विनोदकुमार महतोले अदालतको बयानमा उल्लेख गरेतापनि निजले अनुसन्धानमा बयान गर्दा सुनिलकुमार मण्डलले फोन गरी गाइघाटतर्फ घुम्न आउँछु भनी फोन गरेका र पछि चार बजेको समयमा आफ्नो कार्यालयमा पुगेकोमा राती आफ्नो कोठामा राखि खाना खाई भोलिपल्ट गएको भनी बयान गरेको देखिन्छ। सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले पनि मिति २०७८।१।२० गते प्रतिवादी विनोदकुमार महतोको कोठामा पुगेको तथ्यलाई स्वीकार गरी अनुसन्धानमा बयान गरेको देखियो। उल्लिखित आधारमा सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डल आफ्नो कोठामा नआएको प्रतिवादी विनोदकुमार महतोको अदालतको बयान खण्डित भएको देखियो।

७१. सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डलले शम्भुकुमार मण्डलको हत्या गरी भागी आएको भन्ने प्रतिवादी विनोदकुमार महतोलाई थाहा थियो भन्ने वादीले प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन। सहप्रतिवादी सुनिलकुमार मण्डलले कसूर गरी भागेको भन्ने विनोदकुमार महतोलाई थाहा नभई आफ्नो पढ्दाको साथी भएको भन्ने देखिदा आफू रहेबसेको ठाउँमा आएको पाहुना साथीलाई हाम्रो सामाजिक परिवेशअनुसार आफ्नो कोठामा

एक रात बस्न र खान दिने कार्यलाई मतियारको कसूर भन्न मिल्ने देखिएन। स्वयं सुशिलाकुमारी मण्डलको अनुसन्धानको बयानबाट पनि उक्त वारदातको बारेमा विनोदकुमार महतोलाई थाहा थिएन भन्ने देखिन्छ भने जाहेरवाला बद्री मण्डलले पनि वारदातमा विनोदकुमार महतोको संलग्नता छैन भनी बकपत्र समेत गरेका छन्। यसर्थ मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विनोदकुमार महतोले कसूर वारदात गरी भागी आएका हुन् भनी जानीजानी सहप्रतिवादीहरू सुनिलकुमार मण्डल र सुशिलाकुमारी मण्डललाई आश्रय दिएको भन्ने प्रमाणबाट पुष्टि नहुँदा निजलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला मिलेको देखियो।

७२. अर्का प्रतिवादी श्रीचन मण्डल प्रतिवादी सुशिलाकुमारी मण्डलको दाई भई निजले बहिनीसँग मिली शम्भुकुमार मण्डललाई मार्न योजना बनाएको भनी जाहेरी परेको र वारदातको अघिल्लो दिन सुशिलाकुमारी मण्डल माइतीबाट घर आएको हुँदा प्रतिवादी श्रीचन मण्डललाई अभियोग दावीबाट सफाइ दिने फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादी श्रीचन मण्डलले दावीको कसूरमा इन्कार रही अनुसन्धान तथा अदालतमा बयान गरेको देखियो। जाहेरवालाले जाहेरी दरखास्तमा सम्म प्रतिवादी श्रीचन मण्डलको नाम उल्लेख गरेको भएतापनि निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू सुनिलकुमार मण्डल, सञ्जयकुमार मण्डल र सुशिलाकुमारी मण्डल मात्रको प्रस्तुत वारदातमा संलग्नता छ भनी बकपत्र गरेका छन्। कोही छोरीचेली आफ्नो माइत जाने आउने स्वाभाविक कार्य मानिन्छ। आफ्नो बहिनी सुशिलाकुमार मण्डलसँग आफ्नो ज्वाइ शम्भुकुमार मण्डललाई मार्ने योजना प्रतिवादी श्रीचन मण्डलले बनाएको भन्ने वादीले मिसिल संलग्न बस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गर्न नसकेकोले शंकाको सुविधा अभियक्तले पाउने भई प्रतिवादी श्रीचन मण्डललाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला अन्यथा देखिएन।

७३. अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा प्रतिवादीहरु सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डललाई जन्मकैदको सजाय हुने तथा प्रतिवादीहरु श्रीचन मण्डल, तेज नारायण महरा र विनोद कुमार महतोले अभियोग दावीबाट सफाई पाउने ठहरी सुरु धनुषा जिल्ला अदालतबाट मिति २०८०।५।१३ मा भएको फैसला मिलेको देखिदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार, प्रतिवादी सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डलको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रतिवादीहरू सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डललाई जन्मकैदको सजाय गर्ने सुरु फैसला सदर हुने ठहरेकाले न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम ७० दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनू.........................................................................१

- प्रतिवादीहरू सुनिल कुमार मण्डल र सुशिला कुमारी मण्डललाई जन्मकैदको सजाय हुने सुरु फैसला सदर हुने ठहरेकोले प्रतिवादीहरूको सर्वोच्च अदालतमा पुनरावेदन नपरेमा प्रस्तुत मुद्दाको सुरु मिसिल साथै राखी साधक जाँचका लागि सर्वोच्च अदालतमा पठाउनू..................... ........................................................................२
- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू..................................................................................३
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू............................४
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू..............................................५
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू..........................६

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

शाखा अधिकृतः- विश्वराज कुइकेल

टाईप गर्ने:- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल माघ ९ गते रोज ४ शुभम् ..........................................।

प्रमाणीकरण मिति : २०८१।१०।२८ न्यायाधिश अदालतको छाप